सामाजिक शिक्षा

(92)

कक्षा ४

सामाजिक शिक्षा

भाग चार

श्री ५ को सरकार
शिक्षा मन्त्रालय
जनक शिक्षा सामग्री केन्द्र

सर्वाधिकार जनक शिक्षा सामग्री केन्द्रमा सुरक्षित

पहिलो संस्करण २०२८
संशोधित दोश्रो संस्करण २०२९
तेश्रो संस्करण २०३०

मूल्य २।०८

श्री ५ को सरकार, जनक शिक्षा सामग्री केन्द्र, एजुकेशन प्रेसमा मुद्रित

"राष्ट्रिय प्रतिभालाई फुलाउने, फलाउने
तथा जनताको मनोभावनालाई
विकासमूलक बनाउने नीति लिई लागू
गरिएको राष्ट्रिय शिक्षा
योजनाबाट केही वर्षभित्रै एउटा
जागरूक, परिश्रमी र उन्नतिशील
समाजको सिर्जना हुन सक्नेछ भन्ने
मैले आशा लिएको छु।"

— श्री ५ वीरेन्द्र

स्वर्गीय
श्री ५ महेन्द्रको सन्देश

आफ्नो परम्परा अनुसार शिक्षालाई आजको बदलिंदो युग सुहाउने बनाउन र देश तथा नेपाली समाजको विकाशको आवश्यकतालाई परिपूर्ति गर्न श्री ५ को सरकारले नयाँ राष्ट्रिय शिक्षा पद्धति तयार गरी यसै २०२८ सालको शैक्षिक सत्रदेखि क्रमशः अधिराज्यभर लागू गर्दै लैजाने कुरा सबैलाई थाहा नै छ। यसै नयाँ शिक्षा योजना अन्तरगत तयार गरी पाठ्यक्रम अनुरूप लेखिएका पुस्तकहरूमध्ये यो पनि एउटा हो।

आजको विज्ञान र प्राविधिक ज्ञानको क्षेत्रमा भएको अभूतपूर्व उन्नतिले गर्दा विश्वका विकसित मुलुकहरूका मानिसहरूको जीवनस्तर धेरै माथि पुगिसकेको छ। त्यसैले हाम्रो मुलुकमा पनि सैद्धान्तिक र व्यावहारिक शिक्षाको, खास गरेर व्यावसायिक शिक्षाको प्रचार व्यापक रूपमा गर्न नितान्त आवश्यक भएको छ। यसर्थ हाम्रो देशको सबै बालबालिकाहरू जीवनोपयोगी शिक्षा हासिल गरी आफ्नै खुट्टामा उभिन सक्ने होऊन्, अनुशासित बनी दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्था अनुरूप देशको सार्वभौमिकतालाई अक्षुण्ण राखी देश विकासको काममा प्रभावकारी योगदान दिन समर्थ होऊन् भन्ने उद्देश्यले यो पुस्तक र यस्तै तरीकाले लेखिएका अरू पुस्तकहरू पनि क्रमशः मुलुकमा सबै बालक बालिकाहरूलाई उपलब्ध गराइँदैछन्। यसबाट मुलुकका सबै बालबालिकाहरूले फाइदा उठाई आफूलाई चरित्रवान्, गुणी र स्वावलम्बी नागरिक बनाउन सकून्। यही मेरो हार्दिक कामना छ।

प्राक्कथन

परिवर्तन विकासको सोपान हो। देशको आर्थिक र सामाजिक विकास गरी जनताको जीवनस्तर माथि उठाउने श्री ५ महाराजाधिराज सरकारको सदिच्छानुसार देशमा चलेको र भविष्यमा चल्ने विभिन्न विकास कार्यहरूमा आवश्यक पर्ने देशभक्त, वफादार र अनुशासित जन-शक्ति उत्पादन गर्ने उद्देश्यले शिक्षामा परिवर्तन गर्न आवश्यक परेको थियो।

उपर्युक्त राष्ट्रिय आवश्यक्ता र आकांक्षा पूर्तिको लागि श्री ५ को सरकारले २०२८ सालदेखि राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू गरेको छ। यो नयाँ राष्ट्रिय शिक्षा पद्धतिको योजनाले राष्ट्र र राष्ट्रियताप्रति आस्था जगाई राष्ट्रिय एकता, सार्वभौमिकता, राजमुकुट र स्वतन्त्रताको रक्षा गर्ने, पञ्चायती व्यवस्था अनुकूल आफ्नो अधिकार र कर्तव्यप्रति सजग र सक्रिय रहने नागरिक तयार गर्ने, आवश्यक प्राविधिक दक्षता विकास गर्ने, विद्यार्थीलाई नैतिक, परिश्रमी र स्वावलम्बी तुल्याउने, उनीहरूको सिर्जनात्मक प्रवृत्तिको विकास गरिदिने र राष्ट्रभाषा, संस्कृति साहित्य आदिको संरक्षण र संवर्द्धन गर्ने उद्देश्य लिएको छ।

यी लक्ष्य अनुरूपका विद्यार्थीहरू तयार गर्नका लागि विद्यार्थीहरूको क्षमता र स्तर अनुकूलका उपयुक्त पाठ्य–पुस्तकहरूको नितान्त अवश्यकता पर्दछ। पाठ्यक्रमको सफलता पाठ्य–पुस्तकमा नै आधारित हुने भएकोले पाठ्य–पुस्तकहरूलाई सकभर अपेक्षित ढङ्गका बनाउन खोजिएको छ।

श्री ५ को सरकारको शिक्षा नीति अनुकूल र वैज्ञानिक ढङ्गबाट प्राथमिक कक्षाका बालक-हरूका लागि पाठ्य–पुस्तकहरू तयार गर्ने अभिप्रायले स्थापना भएको जनक शिक्षा सामग्री केन्द्रबाट हाल श्री ५ को सरकारको राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ अनुसार माध्यमिक तहसम्मका पाठ्य–पुस्तकहरू तयार गराइने व्यवस्था भएको छ। प्रमुख विषयका सबै पाठ्य-पुस्तकहरू लेखाउने र छपाउने, यी पाठ्य-पुस्तक तथा अन्य शिक्षण सामग्रीहरू नेपाल अधिराज्यका सम्पूर्ण शिक्षण संस्थाहरूमा बिक्री वितरण गर्ने गराउने र पाठ्य-पुस्तकहरूका उन्नतिका लागि अनुसन्धान कार्यलाई प्रोत्साहन गर्दै लैजाने यस केन्द्रका मुख्य उद्देश्यहरू हुन्। यिनै उद्देश्यानुरूप यो पुस्तक लेख्ने काम भएको हो।

यो पुस्तक श्री गोपीनाथ शर्माले लेख्नुभएको हो।

यस पुस्तकलाई अझ बढी प्रभावकारी बनाउँदै लैजाने काममा शिक्षाविद्हरूको सल्लाह र सुझाउको हार्दिक स्वागत यस केन्द्र गर्दछ।

श्री ५ को सरकार
शिक्षा मन्त्रालय
जनक शिक्षा सामग्री केन्द्र

विषय–सूची

खण्ड एक– विश्वको कथा पृष्ठ

पाठ १. दीपेश सूर्यको कथा सुन्छन् १
पाठ २. तारा र ग्रहको पनि गति हुन्छ २
पाठ ३. सूर्यको परिवार ३
पाठ ४. हाम्रो घर पृथ्वी ४
पाठ ५. हाम्रो पृथ्वी र चन्द्रमा ५

खण्ड दुइ– नेपाल विश्वको एक भाग

पाठ १. हाम्रो देश नेपाल ९
पाठ २. प्राकृतिक विभाजन १०
पाठ ३. पहाडी क्षेत्र ११
पाठ ४. बेसी, उपत्यका तथा भित्री मधेश १२
पाठ ५. तराइ क्षेत्र १४
पाठ ६. टेथीस सागरको कथा १५
पाठ ७. मुख्य नदीहरू १६
पाठ ८. हावापानीमा भिन्नता १७
पाठ ९. हावापानीले के गर्दछ ? १९
पाठ १०. प्राकृतिक वनस्पति २१
पाठ ११. जीव, जन्तु तथा जनावर २३
पाठ १२. केही प्रमुख स्थानहरू २४

खण्ड तीन– आधुनिक नेपालका निर्माता

पाठ १. राष्ट्र निर्माताका पूर्खा द्रब्य शाह ३१
पाठ २. राजा राम शाह ३१
पाठ ३. राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाह ३३
पाठ ४. गोरखाका राजा पृथ्वीनारायण शाह र उनको विजय ३५
पाठ ५. पृथ्वीनारायण शाहको चरित्र ३६

खण्ड चार– नेपाल अधिराज्यमा पुराना सभ्यताका केन्द्रहरू

पाठ १. कोशी तराइ क्षेत्रको सभ्यता ३९
पाठ २. गण्डकी तराइ क्षेत्रको सभ्यता ४१
पाठ ३. कर्णाली नदीको सभ्यता ४४

खण्ड पाँच– हाम्रो देशको परम्परा

पाठ १. एक देश एक राजा ४८
पाठ २. एक राष्ट्र एक भाषा ४९
पाठ ३. तन्नेरी कवि मोतीराम भट्ट ५२
पाठ ४. नेपाली भाषाको विकासमा ५४

खण्ड छ– हाम्रो सरकार

पाठ १. सरकार के हो ? ५९
पाठ २. राष्ट्रिय पञ्चायत हाम्रो व्यवस्थापिका ६०
पाठ ३. कार्यपालिका ६१
पाठ ४. न्यायपालिका ६२

खण्ड सात– हाम्रा छिमेकी मित्रराष्ट्रहरू भारत र चीन

पाठ १. भारतको स्थिति र आकार ६६
पाठ २. सामाजिक अवस्था ६८
पाठ ३. आर्थिक अवस्था ७०
पाठ ४. भारतका केही प्रतिष्ठित व्यक्तिहरू तथा भारतसँग हाम्रो सम्बन्ध ७१
पाठ ५. चीनको स्थिति र आकार ७३
पाठ ६. सामाजिक अवस्था ७४
पाठ ७. आर्थिक अवस्था ७६
पाठ ८. चीनका प्रतिष्ठित व्यक्ति तथा चीनसँग हाम्रो सम्बन्ध ७७

खण्ड आठ– संसारका केही ठूला सभ्यताहरू

पाठ १. नदी किनाराको सभ्यता ८०
पाठ २. सिन्धु घाँटीको सभ्यता ८१
पाठ ३ सिन्धु घाँटीका शहरहरू मोहेनजोदारो र हरप्पा ८२
पाठ ४. सिन्धु घाँटी सभ्यतामा ८३
पाठ ५. व्हाङ्गहो घाँटी सभ्यता ८४
पाठ ६. व्हाङ्गहो घाँटीको सभ्यतामा ८५

खण्ड नौ– संयुक्त राष्ट्रसंघ

पाठ १. संयुक्त राष्ट्रसंघ ८९
पाठ २. संयुक्त राष्ट्रसंघको काम ९०
पाठ ३. संयुक्त राष्ट्रसंघका भलाइका काम ९१

खण्ड १

विश्वको कथा

पाठ १

दीपेश सूर्यको कथा सुन्छन्

दीपेशलाई आज बिदा थियो । त्यसैले उनी आफ्नो दाइसँग राम्रारामा कथाको कुनै किताब माग्न गए । उनका दाइ जीवेशले सोधे – "दीपेश, आज किताबको सट्टा कथा भनिदिन्छु, सुन्छौ ?" दीपेश झन् खुशी भए। उनले भने– "दाइले कथा भनिदिनुभए त झन् राम्रो ।" जीवेशले कथा सुनाउन लागे :



सूर्य

दिउँसो उज्यालो हुन्छ । हामी धेरै कुरा उज्यालोमा सफासँग देख्छौं । रात परेपछि देख्तैनौं । रातमा दिउँसोजस्तो उज्यालो हुँदैन । "दिउँसो किन त्यस्तो भएको, दीपेश भन्न सक्छौ ?" दीपेशले भने– "दिउँसो घाम लाग्छ

अनि ।" "ठीक भन्यौ ।" जीवेशले भने– "घाममा बस्दा तातो हुन्छ । घाम उज्यालो हुन्छ, किन भन त ?" दीपेशले भने– "त्यो त थाहा छैन ।" "लौत सुन, जीवेशले भने– "हामी दिउँसो आकाशमा उज्यालो र बाटुलो डल्लो वस्तु देख्दछौं । त्यसलाई सूर्य भन्दछन् । सूर्य हामी बसेको ठाउँबाट धेरै धेरै टाढा छ । त्यसैले सूर्य जति ठूलो भएपनि त्यति ठूलो देखिंदैन । वास्तवमा सूर्य करोडौं किलोमीटर टाढा छ तर पनि सूर्यबाट तातो आउँछ । सूर्य तातो र तेजिलो आगोको डल्लोजस्तै गोलाकार पिण्ड हो । हामी बसेको पृथ्वीभन्दा सूर्य लाखौंगुना ठूलो छ । त्यसैले त धेरै टाढा भएता पनि सूर्यबाट हामी उज्यालो र तातो पाउँछौं । सूर्य पनि एउटा मझ्यौला खालको तारा हो । राती आकाशमा तारा त देखेका छौ, होइन ?" दीपेशले भने– "किन त राती दिउँसोजस्तै उज्यालो हुँदैन ? तातो पनि हुँदैन ?" जीवेशले भने– "किन यस्तो हुन्छ अर्को बिदाको दिन बताउँला ।" यति सुनेपछि दीपेश साथीहरूसँग खेल्न गए ।

पाठ २

तारा र ग्रहको पनि गति हुन्छ

गएको बिदाको दिन जीवेशले दीपेशलाई किन राती दिउँसोजस्तो उज्यालो हुँदैन, तातो पनि हुँदैन, बताउँला भनेका थिए । जीवेशले भने– "दीपेश, राती आकाशमा थुप्रै तारा देखिन्छन् होइन त ? तिनमा कोही मधुरो, कोही उज्यालो हुन्छन् । कोही मधुरो देखिएता पनि चम्कन्छन् । ती चम्कने जति सूर्यजस्तै तारा हुन् । तीनीहरू सधैं एकै ठाउँमा रहेकाजस्ता देखिन्छन् । सूर्यभन्दा ती तारा झन् धेरै टाढा भएको हुँदा तिनीहरू त्यति उज्यालो नदेखिएका हुन् । सूर्य ती ताराहरूमध्ये एक हो । तर यो नजीक भएकोले उज्यालो बढी आएको हो । राती आकाशमा देखिने उज्यालो ताराजस्तै तर नचम्किने अरू पिण्डलाई ग्रह भन्दछन् । ती ग्रह हामी बसेको ठाउँबाट तारा जत्तिकै टाढा छैनन् । त्यसैले ती तेजिला छन् । ग्रहहरू धेरै छन् । जहाँ हामी बस्दछौं, त्यो पनि एक ग्रह हो । हामी बसेको ग्रहलाई पृथ्वी भन्दछन् । हामीले

हेर्दा यी ग्रह नचलीकन बसेकाजस्ता देखिन्छन् । तर त्यसो होइन । सबै ग्रह र तारासमेतको गति हुन्छ । तर यी ग्रहहरू सूर्यको वरिपरि नियमित समयमा घुम्दछन् । पृथ्वीलाई खिचिरहेको हुनाले पृथ्वी सूर्यको वरिपरि घुमिरहेको हो ।"

पाठ ३

सूर्यको परिवार

दीपेशलाई जीवेशले सुनाइदिएको कथा बडो रमाइलो लाग्यो । अनि यस्ता कथा सुन्न र पढ्न उनी निक्कै चाख लिन थाले । स्कूलमा पनि कक्षा गुरुसँग ग्रह, तारा, सूर्यको बारेमा दीपेश सोधिरहन्थे । उनले एक दिन कक्षा गुरुसँग सोधे– "गुरुजी ! आकाशमा कति तारा छन् ?"

गुरुजी– ताराहरू धेरै छन् । ग्रह र तारा भनेको त याद गरेकै होउला, होइन त ?

दीपेश-हो गुरुजी ।



सौर मण्डल

गुरु– सूर्य एउटा तारा हो । सूर्यजस्ता तारामध्ये कुनैको उज्यालो हामीकहाँ आइपुगेको पनि छैन । करोडौं वर्षअघि सूर्यको नजीकबाट एउटा अत्यन्त ठूलोतारा हुँरिएर आकाशमा गयो । सूर्यको तातो ग्यास वस्तुको ढिक्कै सूर्यबाट छुट्टियो । त्यस ढिक्कै वस्तुबाट धेरै ठूला पिण्ड ग्रह बने । ती सबै ग्रह सूर्यलाई बीचमा पारी वरिपरि घुम्न थाले । घुम्दाघुम्दै तिनीहरू गोला बने ग्रहको उत्पत्तिबारेको यो एउटा नमूना हो । ग्रहका ती पिण्डमध्ये हामी बसेको पृथ्वी पनि एक हो । पृथ्वीसमेत जम्मा ९ ग्रह छन् । तिनीहरू (१) बुध (२) शुक्र (३) पृथ्वी (४) मङ्गल (५) बृहस्पति (६) शनि (७) बरुण

(८) अरुण (९) यम हुन् । तिनीहरू सूर्यबाट टुक्रिएर बनेका र सूर्यको वरिपरि घुम्ने यी ग्रह सूर्यको वरिपरि बन्न गए । सूर्य र यी ग्रहलाई सौर मण्डल भन्दछन् । बुझ्यौ त दीपेश ?

पाठ ४

हाम्रो घर पृथ्वी

राजेश, दिनेश र सजनीको पाठशालाको जन्मजयन्ती थियो । त्यसो हुनाले पाठशालामा एउटा मेला लागेको थियो । दीपेश र उनका कक्षाका साथीहरू पनि कक्षा गुरुसँग त्यो मेला हेर्न गएका थिए । मेला हेर्दाहेर्दै उनीहरू विज्ञान कक्षामा पुगे । त्यहाँ तारा, ग्रह कसरी बने भन्ने कुरालाई चित्र बनाएर राखिएको दिनेशले देखे । हाम्रो पृथ्वीको कथा पनि देखाएको रहेछ । उनले आफ्ना गुरुजीसँग सोधे– "तातो ग्यास वस्तुबाट टुक्रिएर बनेको पृथ्वी कसरी यस्तो बन्यो गुरुजी ?"

गुरुजी– सूर्यबाट छुट्टिएको ग्यासको ढिक्काबाट पृथ्वीको उत्पत्ति भएको हो भन्ने कुरा त बुझिहाल्यौ । सूर्यबाट छुट्टिए पनि सूर्यका वरिपरि घुमी नै रह्यो । त्यतिबेलाको पृथ्वी तातो ग्यासको ढिक्का घुम्दा दुइ छेउमा थेप्चियो । बीचको भाग भुक्क बाहिर निस्कियो र बाहिरी भाग सेलाउँदै गयो । बाहिरी भाग (सतह) सेलाउन थालेपछि सतह कतै खुम्चियो, कतै उठेर आयो । पृथ्वीको सतह सेलाउँदै जाँदा पृथ्वीकै वरपरको ग्यास पानीको बाफ बन्यो । घनघोर वर्षा भयो र पृथ्वीको खुम्चिएका खाडलहरू पानीले भरिए । ती पानीका ठूलाठूला भाग महासागर बने । माथि उठेर आएको कडा भागचाहिं बिस्तारै जमीनको भू-भाग बने । ती कडा भागलाई एक अर्कोसँग महासागरले छुट्ट्याइदियो र महाद्वीप बने । आजभोलि पृथ्वी अरबौं मानिसको बास बनेको छ । जीवजन्तु जनावर पनि उत्तिकै छन् । पानीमा अनेकौं प्रकारका जलजन्तु छन् । यसरी पृथ्वीको भू–भाग हाम्रो घर, जीवजन्तु, वनस्पतिको ठाउँ बनेको छ । बुझ्यौ त दीपेश ?

दीपेश– बुझें गुरु ।



ग्लोब

पाठ ५

हाम्रो पृथ्वी र चन्द्रमा

दशैंको बेला थियो । अनिता, सविता, बबिता र मनिता झलमल्ल जून लागेको बेलामा पीङ खेल्न जानलागेका थिए । अनिताले भनिन्– "हेर सविता ! आज कति रमाइलो ! घाम लागेको जस्तै झलमल्ल छ, तर गर्मी छैन ।"

मनिता – अनिता दिदी, चन्द्रमामा हेरिरहँदा कति रमाइलो हुन्छ ! तर घाममा हेर्‍यो भने आँखा दुख्छ ।

बबिता– हो त अनिता दिदी, किन यस्तो भएको ? सूर्य र चन्द्रमामा के फरक छ ?

यी कुरा अनिताकी दिदी रमिताले सुनिरहेकी थिइन् । उनी अनिता र उनका साथीहरू पछि घुम्न निस्केकी थिइन् । रमिताले अघि बढेर भनिन्– "तिमीहरू कता जान लाग्यौ यस बेला ? चन्द्रमाको कुरा पनि गर्दछौ । ल हिंड, पीङ हालेको चौरमा एकछिन बसौं । तिमीहरूलाई म चन्द्रमाको बारेमा एक दुइ कुरा बताइदिन्छु ।"

सबैले एकै स्वरमा भने– "हुन्छ दिदी, हामी तपाईंले सुनाएको कुरा सुन्छौं ।"



चन्द्रमा र पृथ्वी

रमिताले भनिन्– "हाम्रो पृथ्वी र अरू ग्रहले सूर्यलाई वरिपरि घुम्छन् । पृथ्वीलाई पनि घुम्ने एक सानो पिण्ड छ । पूर्णिमाको दिन घाम अस्ताउने-बित्तिकै पूर्वबाट सेतो, बाटुलो र डल्लो ग्रह उदाउँछ । त्यसैलाई चन्द्रमा भन्द-छन् । चन्द्रमा पृथ्वीको उपग्रह हो । चन्द्रमा सूर्यजस्तो तातो ग्यासले बनेको होइन । चन्द्रमा ठण्डा र गोलो छ । चन्द्रमाको सतहमा डाँडा र खाल्डाहरू छन् । चन्द्रमा पृथ्वीभन्दा पनि सानो र पृथ्वीको धेरै नजीकमा छ । अब त सबैले हाम्रो पृथ्वी र चन्द्रमाको बारेमा थाहापायौ हौला । सूर्यको उज्यालो चन्द्रमामा

पर्दछ र चन्द्रमा उज्यालो देखिन्छ । उज्यालो नपरेको खाल्डो त्यति उज्यालो देखिदैन । चन्द्रमा आफैं उज्यालो छैन । त्यसैले चन्द्रमाको किरण ठण्डा भएको हो । लौ चन्द्रमामा एकछिन हेरीरहौं त कति ठण्डा हुन्छ ।" सबैले रमाइलो मानेर चन्द्रमामा हेरेर दङ्ग परे । चन्द्रमा धेरै माथि आइसकेका थिए । त्यसैले एक एक पटक पीङ पनि खेलेर रमाउँदै घर फर्के ।

अभ्यास

क. कोष्ठभित्र दिइएका शब्दहरूमध्ये मिल्दो शब्द छानेर खाली ठाउँमा राखः

(क) सूर्य पृथ्वीबाट———छ । (नजीकै । टाढा । धेरै टाढा)
(ख) सूर्यबाट हामी——पाउँछौं । (हावा । चिसो । तातो र उज्यालो)
(ग) ताराहरू सूर्यभन्दा———छ । (नजीकै । ठूलो । टाढा)
(घ) पृथ्वी एउटा———हो । (तारा । ग्रह । तातो । तेजिलो । आगोको डल्लो)
(ङ) सूर्यको परिवारमा जम्मा——ग्रहहरू छन् । (७। ९। १०।१२)

ख. फरक छुट्याऊः

(क) तारा । ग्रह । ग्लोब ।
(ख) सूर्य । पृथ्वी । चन्द्रमा ।
(ग) महासागर । महाद्वीप । देश ।

जोडा मिलाएर राखः

(क) मङ्गल	१. पानीको ठूला ठूला भाग
(ख) पृथ्वी	२. जमीनको ठूला ठूला भाग
(ग) महाद्वीप	३. ठण्डा, डल्लो र गोलो वस्तु
(घ) चन्द्रमा	४. हामी बसेको ग्रह
(ङ) महासागर	५. सूर्य परिवारको एक ग्रह

ग. वाक्यहरू ठीक छन् भने "ठी" र गलत भए "ग" प्रत्येक तलका वाक्य-अगाडि कोष्ठभित्र राखः

(क) ( ) राती चन्द्रमा उदाएको बेलामा हामीलाई हपहप गर्मी हुन्छ ।

(ख) ( ) चन्द्रमा सूर्यभन्दा ठूलो र टाढा छ ।

(ग) ( ) महासागर भनेको पानीको ठूलो भाग हो ।

(घ) ( ) हामी बसेको पृथ्वी सूर्यबाट छुट्टिएको ग्यासको ढिक्काबाट बनेको हो ।

(ङ) ( ) पृथ्वीबाट सूर्य त्यति टाढा छैन ।

घ. छोटकरीमा लेखः

(१) महासागरहरू कसरी बने ?

(२) ग्रहहरू कसरी बने ?

(३) ताराहरूबाट किन तातो र उज्यालो आउँदैन ?

(४) चन्द्रमा किन उज्यालो देखिन्छ ?

(५) ग्रहले सूर्यलाई किन घुम्छन् ?

ङ. मुखैले भनः

(१) सूर्यबाट किन हामी उज्यालो र तातो पाउँछौं ?

(२) चन्द्रमा भएको बेलामा पनि किन गरम हुँदैन ?

(३) ताराहरू किन साना देखिन्छन् ?

(४) पृथ्वी ग्रह हो कि होइन ?

खण्ड २

नेपाल–विश्वको एक भाग

पाठ १

हाम्रो देश नेपाल



स्थिति, विस्तार र आकार :

हिमालयको काखमा नेपाल बसेको छ । यो एशिया महादेशभित्र पर्दछ । हामी जन्मेको देश नेपाल हो । त्यसकारण नेपाल हाम्रो मातृभूमि हो । नेपाल सबै नेपालीको हो । नेपाल पूर्वदेखि पश्चिमसम्म फैलिएको छ । पूर्व–पश्चिम लम्बाइ र उत्तर–दक्षिण चौडाइ छ । हाम्रो मातृभूमि नेपालको पूर्व, दक्षिण र पश्चिम तीनतिर भारतको भूमि र उत्तरपट्टि चीनको भूमि पर्दछ । त्यसैले भारत र चीनलाई हामी नजीकका छिमेकी देश भन्दछौं ।

जगदीशले शङ्कर गुरुसँग सोधे– "हाम्रो देशको आकार कस्तो छ ? कति ठूलो छ ?" शङ्कर गुरुले भने–"हुन्छ म एक एक गरेर बताउँदै जान्छु । तिमीहरू सबैले ध्यान दिएर सुन्नू ।" यति भनेर शङ्कर गुरुले नेपालको आकार, प्राकृतिक विभाजन, नदीनाला सबै कुरा बताउन थाले । जगदीश र साथी-हरूले ध्यान दिएर सुने :

नेपाल पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको छ । हवाई-जहाजमा बसेर हेर्दा हाम्रो देश खुज्मुजिएको इँटजस्तो देखिन्छ । उत्तरपट्टि सबभन्दा अग्ला पहाडहरू छन् । नेपाल पूर्वपट्टि भन्दा पश्चिमपट्टि फराकिलो छ । हाम्रो देश नेपालको क्षेत्रफल लगभग १,४५,५५८ वर्ग किलोमीटर छ ।

पाठ २

प्राकृतिक विभाजन

हिमाली क्षेत्र :

नेपालको उत्तरी भागलाई अग्ला अग्ला पहाडहरूले ढाकेको छ । यी पहाडहरू निक्कै अग्ला भएका हुनाले तिनका टाकुराहरूमा सधैं हिउँ पर्दछ ।

सदा सर्वदा हिउँ पर्ने ठाउँलाई हिमालय भन्दछन् ।

अग्लो वा होचो हिसाबले हाम्रो देशलाई हिमाली क्षेत्र, पहाडी क्षेत्र, नदीका बेसी वा उपत्यका वा भित्री मधेश र तराइ आदि चार खण्डमा बाँड्न सकिन्छ ।

हिमाली क्षेत्रभित्र पर्वत र तिनका टाकुरा पर्दछन् । सबभन्दा उत्तरमा सबभन्दा अग्ला अग्ला पहाडहरू छन् । हिमालय पर्वतमाला पूर्वदेखि पश्चिम-सम्मै फैलिएका छन् । यी पर्वतमाला सिङ्गलीला, कुम्भकर्ण, महालङ्गूर, रोल्वा-लीङ्ग, लामटाङ्ग, गणेश, अन्नपूर्ण, धवलागिरी आदि पर्वत टाकुराहरू छन् । तिमीहरू मानचित्रमा पत्ता लगाउनेछौ । संसारभरका पहाडमा सगरमाथाको चुचुरो सबभन्दा अग्लो मानिएको छ । यसको उचाइ ८८४८ मीटर छ ।

यी पर्वतहरूबाट ठूला साना गरी धेरै नदीनाला निस्केका छन् । यी पर्वतले उत्तरतिरबाट आउने चिसो हावालाई रोकिदिएको छ । हिमालयले उत्तरपट्टि हाम्रो देशको ठूलो पर्खालको काम दिएको छ ।

पाठ ३

पहाडी क्षेत्र

नेपाल पहाडी मुलुक हो । सम्म परेको मैदानी भागभन्दा पहाडी भाग धेरै भएकोले नै नेपाललाई पहाडी मुलुक भनेको हो ।

हिमालय श्रेणीभन्दा मुनि दक्षिणको सम्म परेको मैदानी भाग नभेटुन्जेल-सम्मको भागलाई पहाडी भाग भन्दछौं । यो भागमा कतै अग्ला डाँडा पर्दछन् । जति दक्षिण गयो उति होचो र सम्म मैदान आउँदछ । त्यसैले हिमालय पर्वत र पहाडी भागबाट निस्केका नेपालका नदीनाला उत्तरबाट दक्षिण बग्दछन् ।

पहाडी भागमा पनि पूर्वदेखि पश्चिमसम्म फैलिएका पहाड तथा डाँडाहरू छन् । तिनमा महाभारतको पहाड अधिराज्यको झण्डै बीचबाट पूर्वदेखि



पश्चिमसम्म फैलिएको छ । सबभन्दा दक्षिणमा रहेको चुरे डाँडा हो । यो पनि पूर्वदेखि पश्चिमसम्मै पुगेको छ । पहाडी भागमा कुनै पहाड उत्तर–दक्षिण भएर रहेका पनि छन् । तिनमा नगरकोट, कालिन्चोक, नागार्जुन, भीमफट्के, पश्चिमको स्वर्गद्वारी र पूर्वको चिसापानीका डाँडाहरू हुन् ।

पहाडी भागमा सम्म परेको जमीन ज्यादै कम भएको हुँदा भिरालो जमीनमा बडो परिश्रमकासाथ गह्रा बनाई खेती गर्दछन् । नेपाल अधिराज्यमा धेरै मानिस पहाडी भाग, उपत्यका तथा बेसीमा बस्छन् ।

पाठ ४

बेसी, उपत्यका तथा भित्री मधेश

हिमाली क्षेत्रको दक्षिणपट्टि महाभारत पर्वतको श्रेणीको उत्तरपट्टि ठाउँ ठाउँमा उपत्यका वा बेसी छन् । उपत्यकामा पहाडी क्षेत्रबाट बगी आएका

नदीले बगाई ल्याएको पाँगो माटोले गर्दा राम्रो उब्जा हुन्छ । उपत्यका व बेसीमा काठमाडौं खाल्डो, पोखरा उपत्यका, दुम्जा आदि उपत्यकाका उदाहरण हुन् । पहाडी खोंचका नदीले बनाएको समथर जमीन बेसी हो । यस्ता बेसीहरू पहाडी क्षेत्रमा अनगिन्ती छन् ।



महाभारत पर्वत तथा चुरे डाँडाको बीचको फराकिलो मैदानलाई भित्री मधेश भन्दछन् । भित्री मधेशमा राप्तीदून, चितौन, नवलपुर, दाङ आदि पर्दछन् । भित्री मधेश नदीहरूले बगाई ल्याएको पाँगो, मलिलो माटोले बनेको हुँदा त्यहाँ धेरै उब्जा हुन्छ ।

चुरे डाँडाको फेदीमा दक्षिणपट्टि पूर्वदेखि पश्चिमसम्म चारकोसे फराकिलो घना जङ्गल पर्दछ । त्यसलाई "चारकोसे झाडी" भन्दछन् । बेसी वा भित्री मधेश सबै समान उचाइमा पर्दैनन् ।

पाठ ५

तराइ क्षेत्र

चारकोसे झाडीको दक्षिणपट्टि भारतको सिमानासम्मै जोडिएको समतल मैदान छ । यो मैदान पनि पूर्वदेखि पश्चिमसम्मै फैलिएको छ । चौडा कतै ४८ किलोमीटर छ भने कतै १६ किलोमीटर मात्र छ । यस समतल क्षेत्रलाई तराइ मैदान भन्दछन् । तराइ क्षेत्रमा पूर्वी तराइ चौडा तथा लामो पनि छ । पश्चिम तराइ भने त्यति फराकिलो छैन ।

तराइ क्षेत्र कोशी, कर्णाली, बाग्मती, तथा गण्डकी र तिनका सहायक नदीले बगाई ल्याएको माटोले बनेको हो । पूर्वी भाग फराकिलो र पश्चिमी भाग साँगुरिएको छ । धान, गहुँ, तोरी यस क्षेत्रमा प्रशस्त उब्जा हुन्छ । तसर्थ तराइ नेपालको अन्नभण्डार भने पनि हुन्छ ।

नेपालको प्राकृतिक विभाजन सकेपछि राजीवले भने-"कतै पहाड, कतै बेसी, कतै हिमालय के गरी भएको गुरुजी ?"

शङ्कर–राजीव, म तिमीलाई टेथीस सागर र हिमालयको जन्म बताइदिन्छु :

पाठ ६

टेथीस सागरको कथा

"धेरै धेरै पहिले आज भोलिको उत्तर साइबेरिया र दक्षिण भारतको बीचमा ठूलो सागर थियो । त्यो सागरलाई टेथीस सागर भन्दछन् । टेथीस सागरको दायाँ बायाँको जमीनबाट बगी आउने नदीहरूले माटो, ढुङ्गा, बालुवा टेथीस सागरमा थुपार्दै गए । यसो हुँदा टेथीस सागरका दुइ किनारामा थुप्रिएका वस्तुले सागर पुरिंदै गयो । त्यो सागर भएको ठाउँमा अहिले अग्ला पर्वतहरू छन् ।" कक्षामा शङ्कर टेथीस सागरबारे बताउँदै थिए ।



उमेश– टेथीस सागर भनेका त थाहा पायौं । तर यो सागर भएको ठाउँमा जमीन पर्वत कसरी बन्यो ? हामीले देखिराखेको पोखरी वा खोलामा पर्वत किन भएनन् त गुरुजी ?

शङ्कर– सुन उमेश, म बताउँछु । टेथीस सागरको कथा करोडौं वर्ष अगिको हो । टेथीस सागर पुरिंदै गएपछि दुइ किनारामा थुप्रिंदै गएका वस्तुले किनार जोडिन खोजे । त्यसरी किनारा जोडिन खोज्दा जोड पर्न गयो र भूइँचालो आयो । टेथीस सागरको पींध माथि उठेर आयो । त्यो सबभन्दा अग्लो पहाड बन्यो, जसलाई हामी हिमालय भन्दछौं । हिमालय पर्वत बनेपछि यसको उत्तर-दक्षिणका भाग होचो पर्वत बनेर उठे । तिनीहरू-मध्ये दक्षिणपट्टिकोलाई हामी महाभारत भन्दछौं । महाभारत बनिसकेपछि चुरेको पर्वत बन्यो । हिमालय पर्वत हाम्रो नेपालको उत्तरमा छ र त्यहाँ सधैं हिउँले ढाकिरहन्छ । जमीन भासिएका ठाउँमा उपत्यका, बेसी आदि बने । बुझ्यौ उमेश, टेथीस सागरबाट हिमालय पहाड कसरी बन्यो ?

उमेश– बुझें गुरु ।

पाठ ७

मुख्य नदीहरू

नेपालमा धेरै नदीनाला छन् । तिनीहरू भारतका नदीमा गई मिल्द-छन् । नदीको हिसाबले नेपाललाई कोशी प्रदेश, गण्डकी प्रदेश, र कर्णाली प्रदेशमा बाँड्न सकिन्छ ।

कोशी नेपालको सबभन्दा ठूलो नदी हो । कोशीको मुख्य शाखा अरूण नदी भोटबाट निक्ली सुनकोशीमा मिसिन्छ । कोशीका अरू सहायक नदीहरू तमोर, दूधकोशी, लिखू, तामाकोशी, सुनकोशी र इन्द्रावती हुन् । सात कोशी मिलेर बनेकोले कोशीलाई "सप्तकोशी" पनि भन्दछन् ।

नेपालको मध्यभागमा गण्डकी नदी बग्दछ । गण्डकीको मुख्य धार कृष्णा-गण्डकी वा काली–गण्डकी हो । गण्डकीका सहायक नदीहरू त्रिशूली, काली गण्डकी, मर्स्याङ्दी, दरौंदी, मादी र सेती–गण्डकी हुन् । गण्डकीलाई

चितवनको देउघाटमा त्रिशूली मिसिएपछि नारायणी भन्दछन् र भारत पुगेपछि गण्डक नामले प्रसिद्ध हुन्छ । गण्डकीमा पनि सात नदीहरू मिसिन गएकोले गण्डकीलाई "सप्तगण्डकी" पनि भन्दछन् ।

पश्चिमपट्टिको सबभन्दा ठूलो र नेपालको सबभन्दा लामो नदी कर्णाली-हो । कर्णाली नदीको पनि सहायक नदीहरू छन् । तिनमा भेरी, मुगु–कर्णाली, सिंजाली, हुम्ला–कर्णाली, बूढी–गङ्गा, सेती ठूला हुन् । यी समेतलाई "सप्त कर्णाली" भन्दछन् । मेची, कमला, बाग्मती, राप्ती, महाकाली र अरू साना नदीहरू पनि नेपालमा धेरै छन् ।



नदीले पाँगो माटो बगाएर ल्याई नदी किनाराका खेतमा भरिदिन्छ । जलवायु ठण्डा गरिदिन्छ । नदीमा माछा मार्न सकिन्छ । नदीबाट नहर बनाएर टाढासम्म जमीनमा सिंचाइ गर्न सकिन्छ । नदीबाट बिजुली निकाली नेपालको उद्योगमा ठूलो मदत गर्न सकिन्छ ।

पाठ ८

हावापानीमा भिन्नता

दीपकले शङ्करसँग भने –"गुरुजी, हामी सुन्दरीजलको पोखरी र छाँगो वारपार गर्दा कति शीतल भयो । तर सुन्दरीजलको तल फेदीमा त्यति शीतल भएन, किन गुरुजी ?"

उमेश–होइन गुरुजी, जहाँ पनि अग्लो ठाउँमा ठण्डा र होचो ठाउँमा कम ठण्डा हुन्छ कि ? हामी गएको ठाउँमा मात्र ?

दीपक र उमेशका कुरा शङ्करले बुझिहाले र नेपालको हावापानीबारे बताउन लागे :

हामीले हिमाली क्षेत्र, पहाडी क्षेत्र, नदी, बेसी र तराइको भौगोलिक अवस्था बुझिसकेका छौं । ती विभिन्न क्षेत्रमा वर्षभरिमा ज्यादा गरम वा ठण्डा, धेरै पानी पर्ने वा नपर्ने, हावाको गति इत्यादिको १ वर्षको हिसाबलाई त्यस ठाउँको जलवायु वा हावापानी भन्दछन् ।

हिमालय पर्वत र तिनका चुचुराहरूमा सधैं हिउँ जमिरहन्छ । ४८०० मीटरदेखि अग्लो यस क्षेत्रमा कुनै किसिमको बस्ती बस्न सक्दैन । ज्यादै ठण्डा हावापानी भएका ती क्षेत्रमा लामो हिउँदमा अत्यन्त जाडो हुन्छ । गर्मी याम छोटो र ठण्डा हुन्छ । वर्षामा सालाखाला ५०० मिलिमीटर पानी पर्दछ । तर ४८०० मीटरदेखि अग्लो ठाउँमा पानी जम्छ । यो उचाइमा सदा हिउँ पर्दछ । हिमालय पर्वतका फेदीमा कडा सिरेटो वहन्छ ।

पहाडी क्षेत्रको लगभग १२०० देखि २१०० मीटर माथिको क्षेत्रमा गर्मी याममा तराइ क्षेत्रको जस्तो खपिनसक्नु गरम हिउँदमा हिमाली क्षेत्रको जस्तो खपिनसक्नु जाडो हुँदैन । न ज्यादा जाडो न ज्याडा गर्मी हुन्छ । वर्षमा सालाखाला १५०० मिलिमीटर पानी पर्दछ । यस क्षेत्रमा मानिस खूब परिश्रम गर्न सक्ने हुन्छन् ।

भित्री मधेश तथा तराइ क्षेत्रमा गरम हावापानी छ । यस क्षेत्रमा गर्मी याममा निकै गरम हुन्छ । वर्षमा सालाखाला २००० देखि २५०० मिलिमीटर पानी पर्दछ । राज्यको सालाखाला तापक्रम, वर्षा र वर्षा हुने यामको लेखाजोखा गर्दा नेपालको हावापानीलाई मुख्य गरेर वर्षे झरी हावापानी भन्दछन् ।

तर सबै ठाउँमा एकैनासले पानी नपर्ने हुँदा खेतीपातीको निमित्त वर्षा भरपर्दो छैन । कहिले ढीलो हुन्छ, कहिले अति वर्षा हुन्छ, कहिले ज्यादै कम । त्यसकारण एकै टाइममा पनि एक ठाउँमा ज्यादै गर्मी, अर्को ठाउँमा

अलि कम हुन्छ । पश्चिम तराइमा गर्मीमा तातो हावा 'लु' वहन्छ । तर पूर्वी तराइमा चल्दैन । पूर्वी तराइमा ठूलो हुरीले आगलागीको निक्कै डर हुन्छ । हिमाली क्षेत्रमा चिसो सिरेटो वहन्छ । पहाडी क्षेत्रमा जाडो तर तराइ क्षेत्रमा निक्कै न्यानो हुन्छ । पहाडी क्षेत्रमा वर्षाको टाइममा पाइने तरकारी तराइमा हिउँदमा पनि फैलिरहेको हुन्छ । त्यस्तै फलफूल पनि देखिन्छन् ।

पाठ ९

हावापानीले के गर्दछ ?

हावापानीको भिन्नताले गर्दा विभिन्न क्षेत्रमा बस्ने मानिसहरूका काममा परिवर्तन आएको देखिन्छ । पश्चिम-उत्तरतर्फका मुस्ताङ, हुम्ला, जुम्ला, रसुवा आदिका बासिन्दा हिउँदमा आफ्नो जिल्लामा ज्यादै जाडो हुँदा बेसीतिर झर्दछन् । आफूसित आफ्ना गाउँ, जिल्लाको वस्तु, चीजबीज लिएर तराइतर्फ ओर्लन्छन् । गर्मी सकिएर वर्षा लाग्ने बखतमा चामल, लुगाफाटो, मट्टीतेल, मरमसला लिएर आफ्नो गाउँ, जिल्लामा पुग्दछन् । वर्षातमा पहाडी क्षेत्रमा आवतजावत गर्नु निक्कै गाहारो हुन्छ । पहाडी क्षेत्रमा ६० वर्ष पुगेका बूढाबूढी पनि मिहिनेतसाथ खेती गर्न सक्तछन् । तराइ क्षेत्रमा त्यति नै उमेर पुगेका मानिस त्यति मिहिनेत गर्न सक्तैनन् ।

हावापानीको असर मानिसहरूलाई मात्र होइन कि रूख, घाँसपात, फलफूल आदि सबैलाई पर्दछ भन्ने कुरा शङ्करले बताउँदै गए । हिमाली क्षेत्रमा अग्ला पहाड र चुचुरामा केही पनि उम्रँदैन । ३०५०।३६०० मीटरको उचाइमा जेठ, आषाढमा हिउँ पग्लन्छ । अनि भेंडा, च्याँङ्ग्रा र चौंरी चर्दछन् । त्यहाँ जाडो हुनाले यी जनावरको शरीरमा पस्मिना र बाक्लो भुत्ला हुन्छ । खेतीमा आलु, जौ अलिअलि मात्र हुन्छ । त्यहाँका मानिस-हरूका मुख्य खाना आलु, भेंडा–च्याँङ्ग्राको मासु, जौको सत्तु हो । जाडो ज्यादा हुनाले यहाँका मानिसहरू नुहाउँदैनन् । भेंडा–च्याँङ्ग्राको भुत्ला र पस्मिनाबाट राडी, पाखी र ओढ्ने बनाउँछन् । ऊनी लुगा लगाउँछन् । छालाका जुत्ता र दोचा लगाउँछन् ।

तराइको होचा मैदानमा धेरै पानी पर्ने सम्म जमीन र गरम धेरै हुने हुनाले मानिसहरूको रहनसहन केही बेग्लै छ । यहाँ किम्मती साल, सीसौ र सिमलका रूखहरू हुन्छन् ।

तराइमा धान प्रशस्त हुने हुँदा मानिसहरूको मुख्य खाना भात हुन्छ । गर्मी धेरै हुनाले कपडा थोरै भएपुग्छ । सम्म मैदानमा बस्ने यहाँका मानिस धेरै परिश्रम गर्न सक्दैनन् ।

पहाडी क्षेत्र तथा उपत्यकाको हावापानी निक्कै राम्रो छ । पूस, माघमा काठमाडौं उपत्यका र पहाडी क्षेत्रमा निक्कै जाडो हुन्छ । तर त्यसै बेला तराइमा बहुतै रमाइलो र न्यानो हावापानी हुन्छ । पहाड र काठमाडौंका बारीमा हिउँदे तर्कारी देखिन्छन् । तराइमा भण्टा, हरियो खुर्सानी र हरिया मकै बजारमा देखिंदा वर्षे बालीको झझल्को लाग्दछ ।

यसरी हावापानीको असर मानिसको वर्ण, लुगाफाटो, रहनसहन र खानपीनमा पर्दछ । हावापानी अनुसार घाँस बिरुवा उम्रन्छन् र बढ्छन् । जनावर पनि जाडो हुने ठाउँमा जाडो खप्न सक्ने र घना जङ्गलमा डरलाग्दा जनावर इत्यादि हुन्छन् । ठण्डा भएको बेलामा गरम हुने ठाउँमा र गर्मीमा ठण्डा ठाउँमा हावापानी छल्न बराबर जान्छन्.....

यसरी हावापानीको के कस्तो असर हुँदोरहेछ भन्ने कुरा जगदीश र साथीहरूले थाहा पाए ।

पाठ १०

प्राकृतिक वनस्पति

गाउँ पञ्चायतमा रूख रोप्ने काममा 'हरियो बन नेपालको धन' भनेको दीपकले सुनेछन् । पाठशालामा पुगेर उनले सोधे– 'हरियो बन नेपालको धन' भनेको के हो गुरुजी ?

शङ्करले एकछिन विचार गरेर जगदीशतर्फ फर्केर भने– "जगदीश, दीपकले सोधेको प्रश्न त तिमीले बुझ्यौ होला । बन कसरी धन हुन्छ । बताउन कोशिश गर्छौं कि ?"

जगदीश– नेपालमा जतातत बन छ । बनका काठपात बिक्री गर्दा निक्कै पैसा आउँछ भनेको होइन गुरुजी ?

"हो" भनेर शङ्करजीले नेपालका विभिन्न क्षेत्रमा पाइने प्राकृतिक वनस्पतिबारे बताउँदै गए :

मानिसको कोशिशबिना आफैं उम्री बढेका रूखपात, जङ्गल तथा घाँसपातलाई प्राकृतिक वनस्पति भन्दछन् । प्राकृतिक वनस्पति पनि मानिस र जनावरझैं भौगोलिक वातावरण अनुसार फरक हुन्छन् । जलवायु वा हावापानी र माटोको किसिम अनुसार प्राकृतिक वनस्पति लेउ, झ्याउ, च्याउ, उन्यू, साना बुटयान, घाँस, मैदान, झाडी र घना जङ्गल हुन सक्तछन् । हाम्रा देशको प्राकृतिक वनस्पति हिमाली क्षेत्र, नदी, बेसी, उपत्यका, भित्री मधेश र तराइमा केही फरक हुन्छ ।



हिमाली क्षेत्रमा लेउ, काई, झ्याउबाहेक अरू केही पनि हुँदैनन् ।

पहाडी क्षेत्रमा पर्ने ३६००।४५०० मीटरको उचाइमा रहेका ठाउँमा घाँसका मैदान हुन्छन् । यी घाँस भएका ठाउँ भेंडा, च्याँङग्रा र चौंरीका चरन हुन्छन् । यस्ता चरनलाई खर्क पनि भन्दछन् । मनाङ, मुस्ताङ, रसुवा र सोलुखुम्बुमा यस्ता खर्क पाइन्छन् । कतै कतै लालीगुराँस, धूपी र सल्लाका रूख पनि पाइन्छन् । भिरालो जमीनमा रानी सल्लो, भोटे सल्लो, र सदा हरियो हुने रूख पाइन्छन् ।

भित्री मधेश र चारकोसे झाडीमा साल, सिसौ, सीमल र नदी किनारमा खयरका रूख पाइन्छन् । चारकोसे झाडी घना जङ्गल भएकोले निक्कै प्रख्यात छ । यो जङ्गल पूर्वदेखि पश्चिमसम्मै फैलिएको छ ।

प्राकृतिक वनस्पतिबाट हामीलाई निक्कै फाइदा छ । काठ, दाउरा, खोटो, बन–औषधीहरू बनजङ्गलबाटै पाइन्छन् । बनले पानी पर्न मद्दत गर्दछ । रूख रोपे बारीको डीलबाट मलिलो माटो पानीले धेरै बगाउन सक्तैन । पैरो जाँदैन । त्यसैले सालसालै रूख रोपेर बन–महोत्सव मनाएको हो ।

अब त बुझ्यौ दीपक ?

दीपक– बुझें गुरु ! त्यसैले पो त हाम्रो पञ्चायतमा 'हरियो बन नेपालको धन' भनेर कल्लेरीको पाखोमा रूख रोप्ने कुरा गरेका रहेछन् ।

पाठ ११

जीव, जन्तु तथा जनावर

नेपालका बनजङ्गलमा धेरै प्रकारका जनावर, चराचुरुङ्गीहरू पाइन्छन् भनेर दीपक र उनका साथीहरू पढ्दै थिए । शङ्करले महेशलाई भने- "महेश, तिमीले हाम्रो नेपालको प्राकृतिक वनस्पति तथा हावापानीबारे थाहा पाएका छौ । अब भन त, हिमाली क्षेत्र र तराइ क्षेत्रमा उस्तै जनावर पाइएलान् कि केही फरक ?"

महेश– गुरुजी, मेरो विचारमा ठण्डा ठाउँमा र गर्मी ठाउँमा बस्ने जनावर र चराचुरुङ्गी फरक होलान् जस्तो लाग्दछ । तर के के कहाँ कहाँ पाइन्छन् भन्ने कुरा त बताउन सक्तिन ।

शङ्कर– दीपक, हाम्रो राष्ट्रिय चरा डाँफे हो भन्ने त तिमीलाई थाहा छ । अब भन त, राष्ट्रिय चरा कुन क्षेत्रमा पाइन्छ ?



दीपक– डाँफे हिमाल क्षेत्रको नजीक ३०५८ मीटर अग्ला ठाउँहरूमा पाइन्छन् भन्दछन्, होइन गुरुजी ?

उमेश, महेश र अरू विद्यार्थीहरू– हिमाली क्षेत्र र अरू भागमा पाइने जङ्गली जनावर र चराहरूबारे सुनौं न गुरुजी ।

शङ्करले बताउँदै गए :

हिमाली क्षेत्र, पहाडी क्षेत्र, नदी, बेसी वा भित्री मधेश र तराइका हावा-पानी र भौगोलिक अवस्थामा केही फरक छ । यस्तो फरक हुँदा जनावर र चराहरूमा पनि एक क्षेत्रकोमा र अर्को क्षेत्रकोमा फरक पाइन्छ ।

हिमाली क्षेत्रमा कस्तूरी मृग र जीउभरि भुत्लाले ढाकिएका चौंरीगाई पाइन्छन् ।

हिमाली क्षेत्रभन्दा मुनि पहाडी क्षेत्रका २७४० देखि ३९८० मीटरका उचाइमा गधा, खच्चर, भेंडा, च्याँङ्ग्रा पाइन्छन् । जङ्गली जनावरमा मृग, झारल, थारल हुन् । हिमाली परेवा, मोनाल, लेकाली काग र करचाङ्कुरुङ्ग आदि चराचुरुङ्गी पाइन्छन् ।

पहाडी क्षेत्रमा पाइने जङ्गली जनावरमा चितुवा, भालू, पाटेबाघ, फ्याउरो र मलसाँप्रो हुन् । चरामा भङ्गेरा, सारौं, चिबे, ढुकुर, कोइली र जुरेली हुन् । पाल्तु जनावरमा गाई, भैंसी, घोडा, बाख्रा आदि हुन् । चराचुरुङ्गी पनि त्यस्तै हुन् ।

चारकोसे झाडीमा, हात्ती, गैंडा, बनेल, चित्तल, घोरल, बाघ, भालू निक्कै हुन्छन् । डाँफेचरी तराइको गर्मी र मुरली चरी ठण्डा हावापानी खप्न सक्दैन । विशेष समयमा विशेष किसिमका चराचुरुङ्गी देखिने र फेरि नदेखिने हुन्छन् । मङ्सीर महीनामा करचाङ्कुरुङ्ग हिमाली क्षेत्र छाडेर तराइ-तर्फ झर्दछन् र जेठमा हिमाली क्षेत्रमै फर्कन्छन् । यसरी नेपालका विभिन्न क्षेत्रका जनावरमा पनि केही भिन्नता पाइन्छ ।

पाठ १२

केही प्रमुख स्थानहरू

सबै मुलुकमा केही मुख्य स्थानहरू हुन्छन् । ती स्थानहरूले पहिलेको इतिहासको झलक, कहिले कसरी, कहाँ के के भए भन्ने कुरा बताउँदछन् ।

हाम्रो नेपालमा पनि निक्कै त्यस्ता ठाउँहरू छन् । ती ठाउँलाई ऐतिहासिक स्थान भन्दछौं । यो कुरा सुनेर उमेशको साथी रजनीले शङ्करसँग भनिन्– "गुरुजी, लुम्बिनी हाम्रो ऐतिहासिक ठाउँ होइन ?"



लुम्बिनी

शङ्कर–हो, गौतम बुद्ध जन्मेको लुम्बिनी नेपालको एक ऐतिहासिक स्थान हुन गएको छ । लुम्बिनी संसारका धेरैजसो मुलुकले थाहा पाएका छन् अशोकस्तम्भ र मायादेवीको मन्दिर पनि यहाँ छ ।

उमेश– अरू ठाउँ कहाँ छन् र किन प्रसिद्ध भए त ?

शङ्कर– म दुइ चारवटा ठाउँहरू त यहाँ बताइदिन्छु । तीमध्ये केही तिमीहरूले पनि देखेका छौ । भनौं-पाटन, भक्तपुर र काठमाडौं ।

जगदीश– हो हामी पाटन, भक्तपुर र काठमाडौं घुम्न पनि त गयौं नी । भक्तपुरमा ५५ झ्याले दरबार, न्यातपोल, भैरव मन्दिर र नवदुर्गा मन्दिर पनि हेर्‍यौं । त्यसैले भक्तपुर प्रसिद्ध भएको हो गुरुजी ?



५५ झ्याले दरबार

शङ्कर – भक्तपुर मल्ल राजा-हरूको पुरानो राजधानी हो । भैरव

जात्रा र बिस्केट जात्रा यहीं हुन्छ । नवदुर्गा जात्रा पनि यहाँबाट चल्यो । भक्तपुरमै सिद्धपोखरी, सूर्यविनायक र चाँगु नारायणका मन्दिर छन् । तलेजु भवानीको मन्दिर भक्तपुर दरबारमै छ । आजभोलि जति पनि विदेशी पर्यटक आउँदछन्, तिनीहरू भक्तपुरको कलाको प्रशंसा गरेर जान्छन् ।

उमेश– त्यसोभए पाटन अर्को ऐतिहासिक ठाउँ हो नी ?

शङ्कर– हो । खासगरी धातुको काम, हस्तीहाडको काम र काठको काममा यो ठाउँ प्रसिद्ध छ । पाटन दरबार, श्रीकृष्ण मन्दिर हेरेर यो कुरा थाहा हुन्छ ।

पाटनको महाबौद्ध मन्दिर र हिरण्यवर्ण महाविहारले पाटनको ऐतिहासिक महत्व बताउँछन् । पाटनका मल्ल राजाहरूको कला, संस्कृतिप्रतिको प्रेमलाई ती मन्दिर र बेलाबेलामा हुने जात्राले बताउँछन् । यहाँ मीननाथ, मत्स्येन्द्र-नाथका मन्दिर पनि छन् ?

राजेश– काठमाडौं नी ?

शङ्कर– काठमाडौं नेपाल अधिराज्यको जग बसेदेखि नै राजधानी भएको छ । यहाँको कलापूर्ण मन्दिरले गर्दा पर्यटकहरू काठमाडौंलाई मन्दिरै मन्दिरको शहर भन्दछन् । श्री पशुपतिनाथको मन्दिर, पुराना मल्ल राजाको दरबार

तलेजु, भीमसेनस्थान, रानीपोखरी र स्वयम्भू काठमाडौंमै छन् । राजदरबार यहीं छ ।

पोखरा– गण्डकी अञ्चलको सदरमुकाम पोखरा हो । पोखरा पश्चिम क्षेत्रीय विभागको पनि मुख्य केन्द्र हो । कास्की सभ्यताको मूल थलो पनि पोखरा हो । पोखरा उपत्यकामा फेवा, रूपा, वेगनास, खाप्टे आदि ७ ताल छन् । पृथ्वी राजमार्गले पोखरा–काठमाडौं र सिद्धार्थ राजमार्गले सुनौली–पोखरालाई

जोडिदिएको छ । प्राकृतिक सौन्दैर्य हेर्न आउने पर्यटकहरूले गर्दा यसको महत्व बढेको छ । माछापुछ्रे र अन्नपूर्णाको दर्शन गरेर फर्कने मानिस पोखराको प्रशंसा नगरी रहन सक्तैनन् ।



पोखराको फेवाताल

अभ्यास

क. तलका वाक्यहरूमा मिल्दो शब्द बाँकी राखेर अरू शब्द जति काटः

(क) नेपाल एशिया । यूरोप । अफ्रिका । महादेशमा पर्दछ ।

(ख) नेपालको तीनतिर । चारैतिर । दुइतिर । भारतको भूमि पर्दछ ।

(ग) नेपालको पूर्वतिर । पश्चिमतिर । दक्षिणतिर । उत्तरतिर । चीनको भूमी पर्दछ ।

(घ) अग्लो वा होचो हिसाबले हाम्रो देशलाई दुइ खण्ड । तीन खण्ड । चार खण्डमा बाँड्न सकिन्छ ।

(ङ) संसारभरको पहाडमा गौरीशङ्करको चुचुरो । सगरमाथाको चुचुरो । धवलागिरीको चुचुरो । सबभन्दा अग्लो मानिएको छ ।

ख. जोडा मिलाएर राखः

(क) चीन	(१) नेपालको उत्तरपट्टिको छिमेकी देश
(ख) माछापुच्छ्रे	(२) पोखराको एउटा आकर्षक हिमाली चुचुरो
(ग) लुम्बिनी	(३) नेपालको मध्यभागको ठूलो नदी
(घ) काठमाडौं	(४) नेपालको राष्ट्रिय चरो
(ङ) डाँफेचरी	(५) गौतम बुद्धको जन्म भएको ठाउँ
(च) गण्डकी	(६) नेपालको राजधानी
(छ) भारत	(७) तराइमा पाइने मुख्य जनावर
	(८) नेपालको दक्षिणपट्टिको छिमेकी देश

ग. फरक छुट्टयाऊः

(क) बेसी । तराइ । उपत्यका

(ख) हिमालय । पहाड । तराइ

(ग) चारकोसे झाडी । घाँसको चरन । ढड्डी

(घ) च्याउ । उन्यू । लेउ । घाँस

(ङ) झाडी । घना जङ्गल । बुटयान

घ. वाक्यहरू ठीक छन् भने "ठी" र गलत भए "ग" तलका प्रत्येक वाक्यका अगाडिका कोष्ठभित्र राख :

(क) ( ) तराइ क्षेत्र नेपालको अन्नभण्डार हो ।

(ख) ( ) हावापानीको असर मानिसहरूलाई मात्र पर्दछ । अरू जनावर र घाँसपातलाई पर्दैन ।

(ग) ( ) काठमाडौंमा भन्दा तराइ क्षेत्रमा बढी जाडो हुन्छ ।

(घ) ( ) कर्णाली नदी नेपालको पूर्वपट्टिको सबभन्दा ठूलो नदी हो ।

(ङ) ( ) गण्डकीका मुख्य सहायक नदीहरू तमोर, दूधकोशी, लिखू, तामाकोशी, सुनकोशी र इन्द्रावती हुन् ।

(च) ( ) चौंरीगाई तराइ क्षेत्रमा पाइन्छ ।

ङ. कारण बताऊ :

(क) चीन र भारतलाई हामी नजीकका छिमेकी देश भन्दछौं ।

(ख) तराइ क्षेत्रमा बस्ने मानिसलाई थोरै लुगा भए पुग्दछ । तर हिमाली क्षेत्रमा भने बाक्लो ऊनी लुगा वर्षभरि नै चाहिन्छ ।

(ग) नेपाललाई पहाडी मुलुक भन्दछन् ।

(घ) पहाडमा भन्दा तराइ क्षेत्रमा बाक्लो बस्ती छ ।

(ङ) पर्यटकहरू काठमाडौंलाई मन्दिरै मन्दिरको शहर भन्दछन् ।

च. मुखैले भन :

(क) भक्तपुर र पाटन नेपालका प्रमुख स्थान किन बने ?

(ख) डाँफेचरी र मुरलीचरी कहाँ कहाँ पाइन्छन् ?

(ग) प्राकृतिक वनस्पति भनेको के हो ?

(घ) प्राकृतिक वनस्पतिबाट हामी के के पाउँदछौं ?

(ङ) नेपालका मुख्य मुख्य नदीहरू कुन कुन हुन् ?

(च) सप्तगण्डकी भन्नाले कुन कुन नदी मिलेर बन्दछन् ?

छ. छोटकरीमा लेख:

(क) नदीले नदी वरपरको क्षेत्रलाई के असर पार्दछ ?

(ख) हिमालय पर्वत कसरी बन्यो ?

(ग) नेपालको हावापानी न धेरै गरम छ, न धेरै चिसो छ, केही कारण भन ।

(घ) नेपालको आकार तथा फैलावट कस्तो छ ?

ज. नेपालको भिन्न भिन्न नक्शामा देखाऊ:

(क) कोशी, गण्डकी, कर्णाली र तीनका सहायक नदीहरू

(ख) नेपालको प्राकृतिक विभाजन

(ग) काठमाडौं, लुम्बिनी, भक्तपुर, पाटन, पोखरा, बिराटनगर

(घ) सगरमाथा, धवलागिरी, कन्चन्जङ्घा

झ. नाममात्र लेख:

(क) नेपालको छिमेकी देश

(ख) नेपालको प्राकृतिक विभाजन

(ग) कोशी र कर्णाली नदीका सहायक नदीहरू

(घ) विभिन्न प्राकृतिक क्षेत्रमा पाइने जनावरहरू

(ङ) नेपालका ४ प्रमुख स्थानहरू

खण्ड ३

आधुनिक नेपालका निर्माता

पाठ १

राष्ट्रनिर्माताका पुर्खा द्रव्य शाह

नेपाल अधिराज्यको पहिला राजा पृथ्वीनारायण शाह हुन् । नेपाल अधिराज्य खडा हुनुअघि उनी गोरखाका राजा थिए । गोरखा राज्य द्रव्य शाहले खडा गरेका हुन् । द्रव्य शाह यशोब्रम्ह शाहका माहिला छोरा हुन् । यशोब्रम्ह शाह गोरखाभन्दा पश्चिम लम्जुङका राजा थिए । उत्तर दक्षिण धान हुने खेत, पश्चिम दरौंदी खोला र बीचमा अग्लो डाँडोमा किल्ला बनाउन हुने राम्रो बस्ती थियो । त्यो बस्तीको नाम गोरखा हो । यशोब्रम्ह शाहको मृत्युपछि नरहरि शाह लम्जुङका राजा भए। द्रव्य शाह आफ्नै राज्य खडा गर्न चाहन्थे । उनले गुरु, पुरोहित, मन्त्री, सेनापति आदि लिएर गोरखा हमला गर्न गए । त्यहाँ खड्का वंशका राजा थिए । उनी मारिए । द्रव्य शाहले गोरखामा शाहवंशको राज्य खडा गरे ।

उनी बीर सैनिक नेता थिए । उनी जनताको असल चाहन्थे । जनताको सल्लाह लिएर राज्य गर्दथे । लम्जुङबाट विद्वानहरू झिकाई गोरखामा आदर गरेर राख्थे । गोरखामा हिन्दू-राज्य स्थापना हुनु नै नेपाली राष्ट्रियता र नेपाल राष्ट्रको शुरूआत हुनु हो । उनकै कूलमा राम शाहजस्ता प्रतापी राजा भए ।

पाठ २

राजा राम शाह

राम शाह गोरखाका राजा हुन् । उनको बाबुको नाम पुरन्दर शाह हो । राम शाह देश र जनताको असल हुने काममा ध्यान दिन्थे । यिनी बीर पनि

थिए । गोरखा वरपरका राजाहरूसँग मिलेर उनले आफ्नो राज्य बढाए । उनी दानी धर्मात्मा पनि थिए । बाटाको दुवै छेउमा रूख रोप्न लगाए । बाटो हिँड्नेलाई पाटी बनाए । पानी खान कुवा खनाए ।

त्यसताका पाटनमा सिद्धि-नरसिंह मल्ल राजा थिए । उनीसँग मेल गरी राम शाहले पाटनबाट पसले झिकाई गोरखामा व्यापार बढाए । नाप्ने, भर्ने कुरामा एकनास गराउन माना, पाथी र ढक तराजूको चलन चलाए । कुलो, पनेरोको पालो जो पहिले आउँछ, उसको हुन्छ भन्ने तोकिदिए । जग्गा कमाउने मोही र जग्गा धनीको बन्दोबस्त मिलाए ।

राजा राम शाह

आफ्ना जनता अन्यायमा नपरून् भन्ने कुरा राम शाह चाहन्थे । साना साना झगडा पञ्चायतले छिन्ने गराए । घूस खानेलाई देशबाट निकालिदिन्थे । मलाई अन्याय पर्‍यो भनेर आउने मानिस उनकहाँबाट इन्साफ पाएर खुशी भएर जान्थे । उनी बडो नम्र स्वभावका थिए । वरपरका राजा पनि उनको प्रशंसा गर्दथे । उनकहाँ इन्साफ गराई माग्न आउँथे । इन्साफ नपाए गोरखाका राजा राम शाहकहाँ जानू, राम्रो इन्साफ गरिदिन्छन् भन्ने कुरा वरपरका राजा भन्दथे । त्यसैले न्याय पाउन गोरखा जानू, त्यहाँ अन्याय हुँदैन भन्ने चलन चल्यो । वरपरका राजाहरूले त्यसको सिको गर्न लागे । राम शाहको पालादेखि "इन्साफ हराए गोरखा जानू" भन्ने उखान चल्यो । राम शाहले २७ वर्ष राज्य गरी छोरालाई गद्दी सुम्पिदिए ।

पाठ ३

राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाह

राम शाहको कूलमा राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाहको जन्म भएको हो । पृथ्वीनारायण शाहका बाबुको नाम नरभूपाल शाह र आमाको नाम कौशल्यावती हो । पृथ्वीनारायण शाहको जन्म पौष २७, १७७९ सालमा भएको हो । उनकी आफ्नी आमाबाहेक जेठी चन्द्रप्रभा, साहिली बुद्धिमती र कान्छी सुभद्रावती आमाहरू थिए । महोद्दाम कीर्ति शाह, दलमर्दन शाह, दलजित् शाह र शूरप्रताप शाह नामका चार भाइ थिए ।

पृथ्वीनारायण शाहको हेरविचार उनकी जेठी आमा चन्द्रप्रभाबाट भयो ।

पृथ्वीनारायण शाह

बालककालदेखि नै पृथ्वीनारायण शाह बुद्धिमान्, चलाख, फूर्तिला र बलिया थिए । पाँच वर्षकै उमेरमा उनको पढाई शुरूभयो । पढाईको साथसाथै आमा-हरूबाट खेलकूदमा पनि ध्यान दिइएको थियो ।

घोडा चढ्न, पौडी खेल्न र हतियार चलाउन पनि पृथ्वीनारायण शाह पोख्त भए । जेठी आमा चन्द्रप्रभावतीको शिक्षा–दीक्षाले उनी साहसी, मिहिनेती र चरित्रवान बने ।

श्री ५ पृथ्वीनारायण शाहको ११ वर्षको उमेरमा व्रतबन्ध भयो । धर्म-शास्त्र, नीतिशास्त्रको पनि शिक्षा प्राप्त गरे । सानै उमेरमै पनि पृथ्वीनारायण शाह प्रजाको अवस्थाको व्यावहारिक ज्ञान पाउने कोशिश गर्थे ।



पृथ्वीनारायण शाहको १६ वर्षको उमेरमा पहिलो विवाह मकवानपुरको राजकुमारी इन्द्रकुमारीसँग भयो । अर्को वर्ष हिउँदमा दुलही लिन जाँदा जेठानसँग गडबडी भयो । उनी दुलही नलीकनै फर्के । फर्कंदा काठमाडौंमा पशुपतिनाथ र चाँगु नारायणको दर्शन गरी फर्के । गोरखा पुग्दा दोस्रो विवा-हको कुरा चलिसकेको थियो । गोरखपुरका ठाकुर दयाराम सिंहकी छोरी नरेन्द्रलक्ष्मीलाई गोरखा ल्याई विवाह गरे । गोरखामा पुगेपछि मामासँग काठमाडौं र गोरखा एउटै गराउने विचार पोखे । मामाले पनि राम्रो अर्ती दिए । अनि भक्तपुरमा गई रणजित् मल्लकहाँ बसी काठमाडौं उपत्यकाको अवस्था बुझे । बीर नरसिंहसँग मीत लगाई आए ।

पाठ ४

गोरखाका राजा पृथ्वीनारायण शाह र उनको विजय

बाबु नरभूपाल शाहको देहान्त भएपछि पृथ्वीनारायण शाह २० वर्षको उमेरमा गोरखाका राजा भए । राजा हुनेबित्तिकै काठमाडौं र गोरखा मिलाई एउटै राज्य बनाउने उपाय पाइन्छ कि भनी बुझ्न वनारस गए । उताबाट फर्केर आउँदा केही नाल बन्दूक र लडाईंलाई कामलाग्ने मालसामान लिई फर्केर आए ।

काठमाडौं, पाटन, भक्तपुर र गोरखा मिलाई एउटै राज्य बनाउन उनले भक्तपुरमा बसी त्यहाँको हालखबर सबै बुझेका थिए । पृथ्वीनारायण शाहले पहिले नुवाकोट जिते । नुवाकोटपछि बेलकोट जिते । त्यसपछि सिन्धुपाल्चोक, काभ्रे, दोलखा लिए । अनि लामिडाँडा जिल्ला लडाईं नगरीकनै अधिकार भयो । काजी तुलाराम पाँडेबाट टिस्टुङ, पालुङ, चितलाङ पनि आफ्नो अधिकार गराई काठमाडौंलाई घेरामा पारे । काठमाडौं विजय गर्नलाई उनलाई निक्कै गाहारो भएको थियो । कीर्तिपुरको लडाईंमा धेरै नोक्सानी भयो । कालु पाँडे मरे । भाइ शूरतप्रतापको आँखा फुट्यो । तैपनि कीर्तिपुर कब्जा गरी

छाडे । चारैतिरबाट काठमाडौंलाई घेरी इन्द्रजात्राको दिन काठमाडौं विजय गरे । पछि पाटन र भक्तपुरमा पनि विजय भयो । यसरी साना साना राज्य मिली एक विशाल नेपाल अधिराज्य स्थापना भयो । उनका छोरा नातिहरू-बाट राज्यलाई ठूलो गराइयो ।

पाठ ५

पृथ्वीनारायण शाहको चरित्र

पृथ्वीनारायण शाहको चरित्र राम्रो थियो । उनले गरेका कामबाट उनको स्वभाव राम्रो थियो भन्ने देखिन्छ । उनी सजायँ गर्नुपर्नेलाई सजायँ गर्न जान्दथे । आफ्नो कामको लागि मितेरी लगाउन निपूण थिए । उनी साहसी र परिश्रमी थिए । लडाईंमा अगाडि बढेर आफ्ना फौजलाई हौसला दिन्थे । बीरहरूको आदर गर्दथे । सबै जनासँग मेल राख्न खोज्दथे । अरूले भनेको कुरा ठीक बेठीक हेरेर आफ्नो विचार लगाउँदथे । विद्याको मान गर्दथे ।

उनी हडबड गर्दथे । एकपटक एउटी बूढीकहाँ बास बसेका थिए । पाक्दापाक्दैको भात खानलाग्दा बूढीले तिमी त पृथ्वीनारायणजस्ता हत्पते रहेछौ भनीछ । अनि त्यस बेलादेखि उनी नहत्पताई काम गर्न थाले । "मेरा राज्य चारवर्ण छत्तीस जातको फूलबारी हो" भन्ने भनाईले उनको उदारता देखिन्छ । गोरखाको राजा नहुँदै आफ्ना साथीसँग अर्काको बारीमा पसी उखु भाँचेर खाएछन् । उखु रोप्नेले दरबारमा गएर भनेछ । ठूली आमा चन्द्रप्रभाले दुनियाँको धनमा यसो गर्नुहुन्छ ? भनी हप्काएपछि उनले फेरि त्यसो गरेनन् । राजा भएपछि "जनता धनी भए देश बलियो हुन्छ" भन्ने अर्ती दिए । उनी सन्त महात्माका पनि आदर गर्दथे । गोरखनाथले दही मागेर ल्याउनू भन्दा आफैं गएर ल्याइदिए भन्ने कुरा सुनिन्छ । जनताको भलो गर्नु राजाको कर्तब्य ठान्दथे । आफ्नो कूल धर्म कहिल्यै छोड्न हुँदैन भन्ने उनको भनाई थियो । जनताको रायलाई उनी कदर गर्दथे । आफ्ना मनपरेका बिराज बखेतीलाई काजी दिने भएता पनि जनताले कालु पाँडेलाई दिनुपर्दछ भन्दा सोही अनुसार गरे । नेपाल अधिराज्यका निर्माता पृथ्वीनारायण शाहको जन्मजयन्ती पौष २७ गते एकता दिवसको रूपमा मनाइन्छ ।

अभ्यास

क. तलका वाक्यमा खाली ठाउँ छाडेको छ । ती खाली ठाउँमा कोष्ठका शब्दबाट मिल्दो शब्द छानेर भरः

(क) यशोब्रम्ह शाहको मृत्युपछि –– लम्जुङका राजा भए । (नरहरि शाह । द्रव्य शाह । राम शाह । पृथ्वीनारायण शाह)

(ख) द्रव्यशाहले –– राज्य खडा गरेका हुन् (लम्जुङ । गोरखा । नेपाल अधिराज्य)

(ग) राम शाह गोरखाका राजा छँदा पाटनमा –– राजा थिए । (सिद्धिनरसिंह मल्ल । श्रीनिवास मल्ल । तेजनरसिंह मल्ल)

(घ) नरभूपाल शाह र कौशल्लावती –– को बाबु–आमाको नाम हो । (राम शाह । प्रताप मल्ल । पृथ्वीनारायण शाह । द्रव्य शाह)

(ङ) पृथ्वीनारायण शाहका –– भाइहरू थिए । (३।४।५।६)

(च) पृथ्वीनारायण शाह –– वर्षको उमेरमा गोरखाका राजा भए । (१५।२०।२५।३०)

ख. जोडा मिलाऊः

(क) इन्द्रजात्रा	(क) पाटनका राजा
(ख) पृथ्वीनारायण शाहले पहिले जिते	(ख) राम शाह
(ग) शूरप्रताप शाह	(ग) नुवाकोट
(घ) इन्द्रकुमारी	(घ) पृथ्वीनारायण शाहकी जेठी रानी
(ङ) माना पाथी ढक तराजू	(ङ) पृथ्वीनारायण शाहको भाइ
(च) सिद्धिनरसिंह मल्ल	(च) पृथ्वीनारायण शाहले काठमाडौं जितेको दिन

ग. तलका वाक्यमा ठीक भए "ठी" र बेठीक भए "ग" वाक्यका अगाडिका कोष्ठभित्र लेखः

(१) ( ) अधिराज्यका निर्माता पृथ्वीनारायण शाहको जन्मजयन्ती फाल्गुन ७ गते एकता दिवसको रूपमा मनाइन्छ ।

(२) ( ) पृथ्वीनारायण शाह जनताको भनाईलाई कदर गर्दैनथे ।

(३) ( ) पृथ्वीनारायण शाहको १६ वर्षको उमेरमा ब्रतबन्ध भयो ।

(४) ( ) राम शाहले भादगाउँबाट पसले झिकाई गोरखामा ब्यापार बढाए ।

(५) ( ) द्रव्य शाह नरहरि शाहका माहिला छोरा हुन् ।

घ. खाली ठाउँमा भरः

(क) द्रव्य शाह ———— आदि लिएर ———— हमला गर्न गए ।

(ख) उनकै कूलमा राम शाहजस्ता प्रतापी ———— भए ।

(ग) राम शाहको समयमा पाटनमा ———— राजा थिए ।

(घ) बालककालदेखि नै पृथ्वीनारायण शाह बुद्धिमान् ——— बलिया थिए ।

(ङ) पृथ्वीनारायण शाहका भाइ शूरप्रतापको आँखा – लडाईंमा फुटचो ।

ङ. छोटकरीमा जवाफ लेखः

(क) पृथ्वीनारायण शाह कहिले काठमाडौं उपत्यकाको खबर बुझ्न आएका थिए ?

(ख) पृथ्वीनारायण शाहको चरित्र कस्तो थियो ?

(ग) कालु पाँडे को हुन् ?

(घ) "इन्साफ नपाए गोरखा जानू" भन्ने उखान कसका पालादेखि चल्यो ?

खण्ड ४

नेपाल अधिराज्यमा पुराना सभ्यताका केन्द्रहरू

पाठ १

कोशी तराइ क्षेत्रको सभ्यता

नदीको हिसाबले नेपाल अधिराज्यलाई कोशी क्षेत्र, गण्डकी क्षेत्र र कर्णाली क्षेत्रमा बाँडिएको छ । ती नदी किनारका तराइ क्षेत्रमा पहिले पहिले पनि सभ्यताका केन्द्र थिए । संसारका अरू नदी किनारका सभ्यताजस्तै यिनीहरू पनि निक्कै राम्रा थिए ।

राजेश– ती सभ्यताका केन्द्र कहाँ कहाँ थिए र कस्ता थिए गुरुजी ?

शङ्कर– कोशी, गण्डकी तथा कर्णाली तराइ क्षेत्रमा पृथ्वीनारायण शाहबाट एकीकरण हुनुभन्दा अघि कस्ता सभ्यता थिए म बताउँछु ।

सबभन्दा पहिले कोशी तराइ क्षेत्रको सभ्यताबारे बताउँछु । बडा महाराजाधिराज पृथ्वीनारायण शाहले अधिराज्यको जग हाल्दा काठमाडौं खाल्डोमा मात्र तीन राज्य थिए । काठमाडौं खाल्डोभन्दा पूर्वपट्टि महाभारत पहाडभन्दा उत्तरपट्टि माझ किरात तथा पल्लो किरात राज्य थिए । महाभारत पहाडदेखि दक्षिण तराइ क्षेत्रमा विजयपुर तथा चौदण्डी राज्य थिए । विजयपुर तथा चौदण्डी साना साना थिए र त्यहाँका शासनकर्ता राजा रजौटाको रूपमा थिए । विजयपुरभन्दा धेरै पश्चिममा रहेको पाल्पाको सेनवंशी राज्य बडो शक्तिशाली थियो । यिनै सेनवंशी राजाहरूको अधिनमा मोरङको राजधानी विजयपुर तथा चौदण्डीका शासनकर्ता मन्त्रीको रूपमा रहन्थे । उनीहरू पाल्पाको मुकुन्द सेनको छोरा ल्वोहाङ्ग सेनालाई कर तिर्दथे ।

कोशीको जलले सिंचित यस क्षेत्रमा धेरै धेरै वर्षअघिका घटना, कहावत र किंवदन्ती सुनिन्छ । महाभारत कालमा पाण्डवहरूले बनबास आई यसै क्षेत्रमा एक वर्ष बिताएका थिए र त्यसैबाट बिराटनगर नाम रहेको भन्ने भनाई छ । त्यसै क्षेत्रमा कीचकवध, विजयपुर आदि ठाउँ पनि छन् । विजयपुरभन्दा पश्चिममा प्राचीन कालको मिथिला राज्य पनि यसै क्षेत्रमा पर्दछ । मिथिला प्राचीन कालमा दर्शन, व्याकरण, ज्योतिष तथा धर्मशास्त्र विद्याको केन्द्र थियो । त्यहाँ अत्यन्त धर्मात्मा, विद्वान् तथा दार्शनिक राजा जनक राज्य गर्दथे ।

कोशी क्षेत्रको उर्वरा शक्तिले बाहिरका मानिसहरूलाई निक्कै आकर्षक बनाएकोले यस क्षेत्रको आवादी बढ्यो । छिमेकी भारतबाट पनि यस क्षेत्रमा आई बस्न थाले। यस क्षेत्रमा दनुवार, भूमिहार, राजवंशी मैथिली, मुसहर, बरही, कायस्थ, सतार, थारू तथा पहाडी भेकबाट ओर्ली बस्ती बसालेर बसेका मानिस पाइन्थे ।

यस क्षेत्रमा मनाइने चाडपर्व रीतिरिवाज भारतसँग धेरैजसो मिल्दोजुल्दो थियो । छठ, झुला, होली, तिला सङ्क्रान्ति, मोहर्रम यस क्षेत्रमा बढी मनाइन्थ्यो । समाजमा स्वास्नीमानिसको स्थिति बेसै थियो । धार्मिक चाडपर्वमा सपत्नी भएर कामकाज गर्दथे । विशेष गरी हिन्दू–धर्म मान्ने मानिसहरू यस क्षेत्रमा बेसी थिए । शिव–शक्ति तथा विष्णुको आराधना गर्दथे । यस क्षेत्रमा मोरङ प्रदेशी, भोजपुरी, मैथिली भाषाको बढी चल्ती थियो ।

यस क्षेत्रका आर्थिक अवस्था कृषिमा भरपर्दथ्यो । जनसङ्ख्या कम, प्रशस्त उब्जा हुने जमीन, चरन हुनाले पशुपालन पनि यस क्षेत्रमा राम्रो थियो । खाद्यन्नको निमित्त त्यति परिश्रम गरिरहन नपर्ने हुनाले मिथिला विद्याको केन्द्र बनेको हुनसक्तछ। बढी अन्न बाहिर क्षेत्रमा पठाइन्थ्यो । जङ्गल नजीक परेको हुँदा जङ्गली जनावर हात्ती, मृग, हरिण, जरायो इत्यादि पाइन्थ्यो ।

नेपाल अधिराज्यको एकीकरणपछि यस क्षेत्रको राम्रो विकास भएको छ। बिराटनगर एक औद्योगिक क्षेत्र बनेको छ । धान, गहुँबाहेक सूर्ती, उखु र पाट धेरै उब्जिन्छ । पाट, सलाई, स्टेनलेसस्टीलका भाँडा बनाउने कारखाना

स्थापना भएका छन् । कोशीमा बाँध बाँधी सिंचाईको प्रबन्ध गरिएको छ । त्यसैबाट बिजुली उत्पादन गरिएको छ ।

जनकपुरमा चुरोट कारखाना स्थापना भएको छ। पूर्व-पश्चिम राजमार्गको निर्माणले गर्दा यस क्षेत्रका मानिसलाई अरू क्षेत्रका मानिससँग नजीक पुर्‍याइदिएको छ । जनकपुरमा भएको जानकी मन्दिर, राम मन्दिर, शिवजीको प्राचीन धनुषको टुक्रा भएको ठाउँ धनुषा, धनुषा सागरले धार्मिक महत्व बढेको छ । मिथिलाको पश्चिममा बग्ने लखनदेही नदीको नाम लक्ष्मणा नदीबाट आएको बुझिन्छ । प्राचीन परम्परालाई कायम राख्ने विद्याको केन्द्र अझ त्यहाँ छँदैछ ।

पाठ २

गण्डकी तराइ क्षेत्रको सभ्यता

आफ्नो अधिराज्यभित्रका विभिन्न क्षेत्रभित्रका सभ्यताको ज्ञान गराउन शङ्कर गुरुले कक्षामा प्रश्न गरे :

शङ्कर– राजेश, कोशी क्षेत्रका औद्योगिक र धार्मिक केन्द्र बताऊ ।

राजेश– ठूलो उद्योग भएको ठाउँ बिराटनगर, धार्मिक केन्द्र जनकपुर होइन गुरु ?

शङ्कर– हो, ठीक भन्यौ । अब अरू क्षेत्रका बारेमा दीपेश केही भन्न सक्छौ ?

दीपेश– हामीले नदीको हिसाबबाट नेपाललाई क्षेत्र, कोशी गण्डकी क्षेत्र र कर्णाली क्षेत्रमा बाँडिएको छ भन्ने कुरा त जान्यौं । कोशी क्षेत्रको समाजबारे गुरुले गएको हप्तामा बताई दिनुभयो । गण्डकी र कर्णाली क्षेत्रको सभ्यताबारे बताई दिनुभएको छैन । ती क्षेत्रमा के के छन्, मलाई त थाहा छैन गुरुजी ।

मनीश– गण्डकी क्षेत्र पनि त्यस्तै होइन गुरुजी ?

मनिता– लुम्बिनीमा बुद्ध जन्मेका हुन् भन्ने कुरा त पढ्यौं । त्यहाँ अरू देशका मानिस बराबर आउँछन् भन्ने कुरा थाहा पायौं । तर गुरुजीले

अस्तिन कोशी क्षेत्रको बयान गर्दा लुम्बिनीको नाम लिनुभएन किन गुरुजी ?

सुनिता– लुम्बिनी कोशीको क्षेत्रमा पर्दै पर्दैन त के भन्नु, होइन गुरुजी ?

शङ्कर– सुनिताले ठीक भन्यौ। लुम्बिनी गण्डकी तराइ क्षेत्रमा पर्दछ। त्यसैले अस्ति तराइ क्षेत्रको सभ्यतामा केही नबताएको।

दीपेश– कोशी तराइ क्षेत्रको जस्तो आज अरू क्षेत्रको बताइदिने होइन गुरुजी ?

शङ्कर– हुन्छ दीपेश, आज गण्डकी तराइ क्षेत्रको बारेमा बताइदिन्छु :

कोशीको तराइ क्षेत्रमा जस्तै गण्डकी क्षेत्रमा पनि नेपाल अधिराज्यको जग हाल्नुअघि साना साना राज्य थिए। गण्डकी क्षेत्रमा साना साना चौबिसी राज्य थिए। ती साना साना पहाडी राज्यका अधीनमै गण्डकी तराइ क्षेत्र पर्दथ्यो। गण्डकी तराइ क्षेत्रको दक्षिणपट्टिको मैदानी भाग भारतको अवध राज्यको नवाबको अधीनमा थियो। चौबिसी पहाडी राज्यमा पाल्पा शक्तिशाली राज्य थियो। त्यहाँ मुकुन्द सेन (दोस्रा) राज्य गर्दथे। उनकी फुपू कशल्यावतीसँग गोरखाका राजा नरभूपाल शाहको विवाह भएको थियो। मुकुन्द सेन (दोस्रा) ले नवाब बजीरबाट तराइको राजापुर तथा तिलपुरको जागिर पाएका थिए। पृथ्वीनारायण शाहको पालामा नाता पर्नाले पाल्पा अधिराज्यमा गाभिएन, तर अधिराज्यको बिस्तारमा पाल्पाले मदत पायो। रणबहादुर शाहको पालामा मात्र पाल्पा अधिराज्यमा गाभियो।

अर्को राज्य तनहुँको तराइ क्षेत्र राजपुर थियो। तनहुँका राजा दिग्विजय सेनले भारतका सम्राट औरङ्गजेबबाट राजाका उपाधि पाएका थिए। हरकुमारदत्त सेनका पालामा तनहुँ सन् १७८१ मा नेपाल अधिराज्यमा मिल्यो।

यस क्षेत्रमा पनि धेरै धेरै वर्षअघि सभ्यताका केन्द्र थिए। कपिलवस्तु वरपर साना साना प्रान्तमा पञ्चायत थिए। शासन कपिलवस्तुका शाक्यवंशी राजा शुद्धोधनबाट चल्दथ्यो। राजा शुद्धोधनको नाम त तिमीहरूले सुनेकै छौ। तिनै राजाको छोरा गौतम बुद्ध हुन्। उनबाट बौद्ध धर्मको श्रीगणेश भएको हो। गौतम बुद्धलाई एशिया महादेशका प्रकाश भन्दछन्।

गण्डकी तराइ क्षेत्रमा थारू, धामी, कायस्थ, ब्राम्हण, मुसलमान, राजपुत आदि पाइन्थे । गौतम बुद्धको समयमा समाजमा राम्रो व्यवस्था थियो । मानिसहरू उदार स्वभावका थिए । स्वास्नीमानिसहरूको कदर हुन्थ्यो । गौतम बुद्धका समयमा प्राकृत भाषा चल्ती थियो । अहिले अवधी भाषा बढी बोलचालमा छ । श्रावस्तीको प्रभाव यस क्षेत्रमा परेको थियो । श्रावस्तीमा पञ्चायत पद्धति लगभग २५०० वर्षतिर खूब उन्नत थियो । भारतमा मुसलमानी शासन कायम भएपछि हिन्दूहरू यस भेकतिर आई विभिन्न राज्य खडा गरेको बुझिन्छ ।

कोशी क्षेत्रको जति यस क्षेत्रमा त्यति उब्जा नभएता पनि जनताको आर्थिक अवस्था कृषिमा भरपर्दथ्यो । गहुँ, धान, उखु, आलु बढी उब्जा हुन्थ्यो । जनसङ्ख्या त्यति बढेको थिएन । तराइको उत्तरी भेकबाट काठपात, खयर, बनौषधी बाहिर निकासी भएको कुरा र बुटौलतर्फ कपासबाट कपडा बनाइन्थ्यो भन्ने कुरा पनि कौटिल्यको अर्थशास्त्रबाट बुझिन्छ । यहाँ पनि चाडपर्व कोशी क्षेत्रकै जस्तो थियो ।

अहिले यस क्षेत्रको पनि राम्रो विकास हुँदै गएको छ । सिद्धार्थ–राजमार्गले पहाडी तथा तराइ क्षेत्रलाई जोडिदिएको छ । भैरहवामा चीनी कारखाना, डिस्टीलरी र साना उद्योग स्थापना भएका छन् ।

गण्डकी नदी गएर भारतको गङ्गाजीमा मिसिन्छ । भारतको भैंसा-लोटनमा भारत सरकारको सहायताबाट गण्डकी योजनामा काम हुँदैछ । त्यस योजना अनुसार बिजुली उत्पादन गर्ने र सिंचाइ गर्ने व्यवस्था हुँदैछ । भैंसालोटनवारि वाल्मीकि नगर भन्दछन् ।

बुद्ध जन्मेको ठाउँ विकास गर्न धेरै राष्ट्रले मद्दत गरिरहेका छन् । शुद्धोधन राजाको दरबार भएको ठाउँ तौलिहवा तिलौराकोटमा पुरातत्व विभागबाट खनाइखुदाइ हुँदैछ । हाल पनि यो ठाउँ पर्यटन उद्योग–केन्द्र बनेको छ । खुदाइबाट प्राचीन कालको सभ्यताबारे जानकारी पाइन्छ । पूर्व-पश्चिम राजमार्ग बनिसकेपछि यस क्षेत्रको विकास झन् हुनेछ । अब अर्को दिन कोशी तराइ क्षेत्र र गण्डकी तराइ क्षेत्रका मिल्ने कुरा टिपेर ल्याउनू ।

पाठ ३

कर्णाली नदीको सभ्यता

कोशी र गण्डकी नदी बेसीको सभ्यताबारे बताइसकेपछि शङ्कर गुरुले कर्णाली नदी बेसीको सभ्यताबारे बताइदिए । कर्णाली क्षेत्र नेपालको सबभन्दा पश्चिमपट्टिको क्षेत्र हो । कर्णाली नदी बेसीको निक्कै महत्व छ । बडामहाराजा पृथ्वीनारायण शाहले गोरखा पूर्वका साना साना राज्यलाई मिलाएर नेपाल अधिराज्यको जग हाले । त्यसताका कर्णाली क्षेत्रका साना साना राज्य बाइसी राज्य कहलाइन्थे । तो बाइसी राज्यमा जुम्ला बलियो राज्य थियो । कर्णालीको तराइ क्षेत्र घना जङ्गल औलिया क्षेत्र भएकोले बस्तीलायक थिएन ।

धेरै धेरै पहिले लिच्छविहरूको शासन कर्णाली क्षेत्रसम्म फैलिएको थियो । उनीहरू कमजोर भएपछि त्यहाँ सानासाना राज्य खडा भए । बाह्रौं शताब्दीतिर जुम्लादेखि उत्तरबाट बसाई सर्दै आएका खसहरूले त्यस क्षेत्रमा बलियो राज्य बनाए । सिंजालाई राजधानी बनाए । त्यसैले जुम्लाको राज्यलाई खस देश पनि भन्दथे । काठमाडौं उपत्यकामा मल्लहरूको शासन छँदा खसहरूले काठमाडौं उपत्यकामा हमला गरी आफ्नो शक्ति पनि देखाएका थिए । खसहरूको शासनपछि विभिन्न मल्ल, ठकुरी वंशका राजाहरूले राज्य गरे । नेपाल अधिराज्यमा कर्णाली क्षेत्र पृथ्वीनारायण शाहको पालामा सम्मिलित भएको थिएन । महाराजाधिराज रणबहादुर शाहको पालामा सम्वत् १८४६ असोज महीनामा जुम्ला नेपाल अधिराज्यमा मिल्यो । राणाकालमा जुम्ला आम्दानीको निमित्त ठेक्कामा दिएकोले ठेक थितिको देश पनि भनियो ।

कर्णाली क्षेत्रमा मल्ल, चन्द, राउत, कुँवर, खडका, जोशी, क्षेत्रीहरू तथा ब्राम्हण र वैश्यहरू पनि थिए । समाजमा महिलाहरू केही स्वतन्त्र थिए । दरबारमा रानीहरूको राजकीय सम्मान हुन्थ्यो । उच्च वर्गका आइमाई दानधर्ममा झुकेका हुन्थे । एकजना पुरुषले एकभन्दा बढी स्त्रीसँग विवाह गर्ने चलन थियो । स्वास्नीमानिस नाचगान बजान गर्न सिपालु हुन्थे ।

कमारा कमारी पाल्ने चलन पनि थियो । सरकारी काम र अरू सार्वजनिक भलाइका काममा झारा बेठ बिगार लगाउने चलन पनि थियो ।

खसहरूको चालचलन रीतिरिवाज हिन्दू धर्मका पुराण, रामायण, महाभारत बयान गरे अनुसार मिल्दथ्यो। पछि भारतका मुसलमानहरू आएपछि बौद्ध तथा हिन्दू धर्म मान्ने निक्कै मानिस यस क्षेत्रमा पसे र कर्णाली क्षेत्र बौद्ध धर्मको केन्द्र बन्यो। केही खस राजा बौद्ध भिक्षु पनि बने। खस राजाहरू हिन्दू र बौद्ध धर्ममा भेद राख्दैनथे। हिन्दू, ब्राम्हण तथा बौद्ध भिक्षुलाई राजा समान आदर गर्दथे। देवालय तथा मठमा गुठीको व्यवस्था गर्दथे। खस राजाको पालामा कर्णाली क्षेत्रमा विद्याको पनि उन्नति भएको थियो। कलाकार निपुण कालिगढ पनि त्यहाँ थिए।

यहाँको आर्थिक अवस्था पनि राम्रो थियो। खेती, पशुपालन तथा व्यापारको उन्नति भएको थियो। राजाहरू कर माफी गरी बिर्ता दिन्थे। बिर्ताबाहेक अरू जग्गामा भूमिकर लाग्दथ्यो। मालपोतबाहेक कर्णाली क्षेत्रमा कपासको खेती पनि हुन्थ्यो। घाँस भएको राम्रो चरन पाइने हुनाले कर्णाली क्षेत्रमा पशुपालन प्रशस्त हुन्थ्यो। भेंडा, चौंरी र गधा निक्कै पालिन्थे। जुम्लाबाट अरू जिल्लामा जुम्ली घोडा निकासी हुन्थे। मोती चरा टिप्ने बाज भारततर्फ निकासी हुन्थ्यो। कस्तूरीको घर नै जुम्ला थियो। त्यसबाहेक अनेक प्रकारका जडीबूटी भारत निकासी हुन्थे। आर्थिक अवस्था राम्रो भएकोले नै जुम्ली स्वास्नीमानिसहरू थुप्रै सुनका गहनाहरू लगाउँथे। लिमीको हाट (हुम्ला लियीगाउँमा हुने) प्रसिद्ध थियो। यसमा नेपालबाहिरका व्यापारी आउने हुँदा निक्कै फाइदा हुन्थ्यो।

आज भोलि मष्ट भन्ने देवताको पूजा धेरै चल्ती छ। मष्ट देवताको मूर्ति हुँदैन। खोपामा पूजा गर्दछन्। मष्टबाहेक अरू देवतालाई गुरो र कैलाश भन्दछन्। अरू देव देवीको थान हुन्छ। थानलाई माडु भन्दछन्। गाउँभित्रको थानलाई घरमाडु र गाउँबाहिरको थानलाई बनमाडु भन्ने चलन छ। ती देव देवी धामीका जीउमा आउँछन् भन्ने त्यहाँका मानिस विश्वास गर्दछन्। धामी देवीका थानमा बक्छन्। पूर्णिमाका दिनमा विशेष बक्छन्। धामीले रोग निको गर्ने साइत दिने गर्दछन्। यी धामी खेती नगर्ने, सुरुवाल नलाउने र टुपी लामो गरी राख्ने हुन्छन्। त्यस क्षेत्रमा चन्दननाथ विन्दुवासिनी, गेला, जावेश्वर, भैरवनाथ, वैश्वानर पञ्चकोशी पञ्चदेवल आदि छन्।

यसै क्षेत्रमा चलनचल्तीमा आएको खस भाषा आज राष्ट्रभाषा बनेको छ । कर्णालीको तराइ तथा भावर क्षेत्रमा थारू आवादी भएको ठाउँमा अवधी भाषा र अन्यत्र नेपाली भाषा बोल्दछन् ।

आज भोलि यस क्षेत्रको विकासमा जोड दिइएको छ । सानो विमान सेवा, आकाशवाणी केन्द्रले यातायात संचारको कमीलाई केही पूर्ति गरिदिएको छ । अस्पताल र स्वास्थ्य–केन्द्र यस क्षेत्रमा स्थापना गरिएका छन् । साना साना कारखाना तथा घरेलु उद्योग–केन्द्र खोलिएका छन् । शिक्षा विकासको निमित्त विशेष ध्यान दिइएको छ । कर्णाली क्षेत्रको तराइ भागमा पशु चिकित्सालय, अन्न खेतीका फार्म स्थापना गरिएका छन् । तराइ खण्डमा धान, गहुँ, उखु तथा जुम्लामा विशेष मकै आलु बढी हुन्छ । यस क्षेत्रको व्यापार उत्तरपट्टि चीनको तिब्बत क्षत्रमा असारदेखि व्यापार खुल्दछ । ताकलाखरको हाटमा धान, चामल, कोदो, जौ, रुवाको साटो नून, ऊन, भेंडा, चौंरी, भोटे कुकुर पैठारी गरिन्छ । यालवाङ्गको हाटबाट मार्ग महीनामा चीनको तिब्बत क्षत्रसँग व्यापार अझ चल्दछ ।

दक्षिणपट्टिको पुरानु हाट दाङ हो । अहिले नेपालगन्जमा मार्गदेखि फाल्गुनसम्ममा खूब ठूलो हाट लाग्दछ । केही मानिस राजापुर हाटसम्म पनि पुग्दछन् । नेपालगन्जबाट पहाडी क्षेत्रबाट आएका घ्यू, ऊन, जडीबूटी, बनौषधी, कस्तूरी, चमर, भारत निकासी हुन्छ । भारतबाट वर्तन, मसला, कपडा, भाँडा-वर्तन आयात हुन्छन् ।

अभ्यास

क. छोटकरीमा जवाफ लेख :

१. कोशी तराइ क्षेत्रका एक दुइ राज्यको नाम बताऊ ।

२. बाइसी राज्यका कुनै चार राज्यको नाम बताऊ ।

३. गण्डकी क्षेत्रमा बस्ने मुख्य मुख्य जातिको नाम बताऊ ।

४. जनक र शुद्धोधन कहाँका राजा थिए ?

५. चौबीसी राज्यका कुनै चार राज्यको नाम बताऊ ।

ख. नेपालको मानचित्रमा यी कहाँ कहाँ पर्दछन् भरः

१. लुम्बिनी २. तौलिहवा ३. भैरहवा ४. बिराटनगर ५. पाल्पा
६. कपिलवस्तु ७. सिंजा (छिनासिम) ८. दाङ ९. बुटवल
१०. पोखरा ११. जनकपुर १२. माझ किरात

ग. फरक छुट्याऊः

१. मोहर्रम	दशैं
२. मष्ट	विष्णु
३. घरमाडु	बनमाडु
४. चौबीसी राज्य	बाइसी राज्य
५. हाट बजार	पसल

घ. कोष्ठभित्रका शब्दमध्ये ठीक छानेर खाली ठाउँमा राखः

१. कस्तूरी धेरै पाइने हुनाले——लाई कस्तूरीको घर भनिन्थ्यो ।
(कोशी प्रदेश । गण्डकी प्रदेश । कर्णाली प्रदेश)

२. ——जिल्लाबाट अरू जिल्लामा घोडा निकासी हुन्थ्यो ।
(जुम्ला । मोरङ । कास्की)

३. एशिया महादेशका प्रकाश——लाई भन्दछन् ।
(गौतम बुद्ध । शुद्धोधन । पृथ्वीनारायण शाह)

४. पाल्पा नेपाल अधिराज्य————को पालामा गाभियो ।
(पृथ्वीनारायण शाह । रणबहादुर शाह । प्रतापसिंह शाह)

५. लुम्बिनी——तराइ क्षेत्रमा पर्दछ ।
(कोशी । गण्डकी । कर्णाली)

खण्ड ५

हाम्रो देशको परम्परा

पाठ १

एक देश एक राजा

श्री ५ महाराजाधिराजको शुभ–जन्मोत्सवको रमाइलो कार्यक्रम मनिताको पाठशालामा राष्ट्रिय झण्डा फहराई राष्ट्रिय गानबाट शुरू भयो । कार्यक्रममा भाग लिन मनीश, राजेश, नवीन, विनीता आफ्ना लेख र कविता लिएर बसिरहेका थिए । त्यस अवसरमा दीपेशले हाम्रा राजाबाट नेपालका निमित्त गरिएका कामको लेख पढेर सुनाए । शाहवंशी राजाहरूले नेपाली भाषालाई अघि बढाउन गरेका कामको लेख मनीशले पढेर सुनाए । नवीनले एक देश एक राजा भन्ने कविता सुनाए । मनीताले एक राष्ट्र एक ऐन भन्ने कविता सुनाइन् । सबैले आफ्ना लेख, कविता सुनाइसके । श्री ५ महाराजाधिराजको शुभ–जन्मोत्सवको कार्यक्रममा सभापति पाठशालाका प्रधान अध्यापक हुनुहुन्थ्यो । सबैको लेख, कविता सुनेर प्रधान अध्यापक बडो खुशी हुनुभयो । सभाको विसर्जन गर्दै उहाँले भन्नुभयोः

"हाम्रो नेपाल पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको छ । त्यसभित्र हामी नेपाली छरिएर बसेका छौं । नेपाल हाम्रो राष्ट्र हो । नेपालीहरूले आफूभन्दा ठूलोलाई मान्ने र आदर गर्ने परम्परा रही आएको छ । हामी कसैको धर्ममा भेदभाव राख्दैनौं । कालो गोरो भन्ने हामी भेद गर्दैनौं । नरम र मीठो बोली बोल्ने, घरमा आएका पाहुनाको स्वागत गर्ने, दुःख पाएकाहरूमाथि दया गर्ने र अर्काको उपकार गर्ने हाम्रो परम्परा हो । हामी सबैलाई मित्र ठान्दछौं । त्यसैले "वसुधैव कुटुम्बकम्" भन्ने उक्तिलाई हामी मनपराउँछौं । पाल्पा, गोरखा, डोटी, काठमाडौं, धनकुटा, राजविराज, बिराटनगर, जहाँ बसेका भएपनि अर्को देशमा आफूलाई चिनाउँदा हामी

नेपाली भनेर चिनाउँछौं । नेपालका राष्ट्रनायक भन्दा हामी श्री ५ वीरेन्द्र वीर विक्रम शाहलाई चिन्दछौं । सबै राष्ट्रको एक राष्ट्राध्यक्ष हुन्छ । हाम्रो राष्ट्राध्यक्षलाई हामी महाराजाधिराज भन्दछौं । श्री ५ वीरेन्द्र वीर विक्रम शाह देव नेपाल राष्ट्रका महाराजाधिराज होइबक्सिन्छ । एक राष्ट्रको एकमात्र राजा श्री ५ वीरेन्द्र होइबक्सिन्छ । हामी महाराजाधिराजलाई हाम्रा राजा पनि भन्दछौं । हाम्रा प्यारा राजा सबै नेपालीका साझा होइबक्सिन्छ ।

बडामहाराजाधिराज पृथ्वीनारायण शाहले नेपाल अधिराज्यको जग बसाले । एक राष्ट्र तथा एक राष्ट्र–नेताको आदर्शबारे पृथ्वीनारायण शाहले आफ्ना जनतालाई यसो भनेका छन्, "मेरा साना दुःखले आर्ज्याको राज्य चारवर्ण छत्तीस जातको फूलबारी हो सबैलाई चेतना भया ।" उनले विभिन्न भाषाको सट्टा नेपालीलाई राष्ट्रभाषा गराई सबैको साझा भाषा गराए । त्यही नेपाली भाषाको माध्यमबाट हामी पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका नेपाली दाजुभाइ, दिदीबहिनीलाई चिन्दछौं । शाहवंशी राजाहरूले त्यस परम्परालाई कायम राख्दै आएकाछन् ।

शङ्कर गुरुले यति बताएपछि त्यस दिनको सभा पनि समाप्त भयो । दीपेश, राजेश, मनीश, मनीताले पनि हाम्रो परम्पाराबारे बुझे । त्यसैले अहिले पनि एकै राजा एकै भाषा एकै मुद्रा एकै देश" भन्ने हाम्रो नारा छ ।

पाठ २

एक राष्ट्र एक भाषा

दीपेश– शङ्कर गुरु ! बडामहाराजा पृथ्वीनारायण शाहले सबै नेपालीको निमित्त साझा भाषा नेपालीलाई राष्ट्रभाषा गरिदिए भन्ने कुरा थाहा पायौं । हामी हाट, बजार, शहर, गाउँमा अरू भाषा बोल्ने मानिस पनि देख्दछौं । उनीहरू आफू आफूमा कुरा गर्दा अर्कै हामीले नबुझ्ने भाषामा कुरा गर्दछन् । नेपाली भाषामा कुरा गरेको सबै नेपालीले बुझ्ने कसरी भएको गुरुजी ?

शङ्कर– नेपाली राष्ट्रभाषा भएपछि शाहवंशी राजाहरूले त्यस विषयमा जोड दिए । भानुभक्त, मोतीराम, लेखनाथजस्ता कविहरूले सजिलो नेपाली भाषामा किताब लेखे । संस्कृत भाषामा लेखिएको रामायण सबैले बुझ्न नसक्ने भएकोले त्यसको सट्टामा नेपाली भाषामा लेखियो । नेपाली भाषामा कविता लेख्न सकिन्छ भन्ने विचार नेपालीहरूमा दिए । यसरी राष्ट्रभाषाको विकास भयो ।

मनीश– भानुभक्त कहाँका हुन् ? उनी को थिए गुरुजी ?

शङ्कर– हामी भानुभक्तलाई "आदिकवि" भन्दछौं । उनको जीवनी म बताइ-दिन्छु : नेपालका कविहरूमा भानुभक्त बडा प्रसिद्ध कवि हुन् । उनको जन्म गण्डकी अञ्चल, तनहुँ जिल्लाको चुँदी बेसीको रम्घा भन्ने गाउँमा असार २९ गते १८७१ वि. सं. मा भएको थियो । यिनका बाजेको नाम श्रीकृष्ण आचार्य र बाबुको नाम धनञ्जय थियो । यिनले आफ्ना बाजेबाट शिक्षा–दीक्षा पाएका थिए । पहिले यिनले ज्योतिष पढे तर पछि प्रसिद्ध कवि बनेर निक्ले ।

एक दिन भानुभक्तको एउटा गरीब घाँसीसँग भेट भएछ । उसँग कुराकानी हुँदा परोपकार काम गर्नसके मानिस भएको कामलाग्यो, जन्मेको सार भो, नत्र के काम भन्ने कुरा सुने । घाँसीको कुरा उनलाई निक्कै घत लाग्यो । म पनि नेपाली जनताको परोपकार कसरी गरूँ भनी भानुभक्त घोरिन थाले । उनी धर्मात्मा, परोपकारी, नीतिवान् र देशभक्त थिए । तसर्थ उनको विचार नेपाली भाषाको सेवाद्वारा सबै नेपालीको सेवा गर्न सकिएला भन्नेतिर लाग्यो ।

उनले नेपाली भाषामा रामायण लेखे । पहिले बालकाण्ड मात्र सकियो । त्यसपछि ७।८ वर्षसम्म फुटकर कविता लेखे । भानुभक्त गिरिधारी भाटसँग जग्गा मिचेको कुरामा मुद्दा लाग्दा उनी काठमाडौं आए । त्यसै बेला भानुभक्तले बालाजु र काठमाडौंको वर्णन कवितामा गरे । मुद्दा जितेपछि उनी खरदार भएर तराइतिर गए । तर दुइ वर्षमै सरकारी हिसाबकिताब बुझाउन नसक्दा उनी थुनामा परे । पाँच महीना थुनामा छँदा रामायणका

चार काण्ड लेखे । थुनुवाबाट छुटेर घर गई केही दिन बसे र फेरि काठमाडौं फर्के, अनि रामायण पनि समाप्त गरे ।

भानुभक्त

कवि भानुभक्तमा कविता गर्ने शक्ति अचम्मको थियो । उनी एक दिनमा ५० श्लोकसम्म कविता लेख्न सक्तथे । कसैले केही कुरा सोधे उनी कवितामै जवाफ दिन्थे । उनका रामायण, भक्तमाला, वधूशिक्षा किताब र कान्तिपुर तथा बालाजुका बयानका फुटकर कविता पाइन्छन् । यी कविलाई "आदिकवि" (पहिला कवि) भन्दछन् । राष्ट्रभाषाका यस्ता सेवक कविको हामीले तारीफ गर्नुपर्दछ । उनले देखाएको बाटामा हामी हिंड्नुपर्दछ । एक राष्ट्र एक भाषाको

हाम्रो नारालाई अघि बढाउने उनै हुन् । त्यसैले भानुभक्त राष्ट्रिय विभूतिमा गनिन्छन् । असार २९ गते उनको सम्झनामा भानु–जयन्ती मनाइन्छ ।

पाठ ३

तन्नेरी कवि मोतीराम भट्ट

शङ्कर– आदिकवि भानुभक्तको बारेमा त तिमीहरूले थाहा पायौ ।

रीता– हो गुरुजी, असार २९ गते भानु–जयन्तीको दिन रामानन्दजीले आदिकवि भानुभक्तको बारेमा बताइदिनुभयो ।

शङ्कर– कवि भानुभक्तपछि अर्का ठूला कवि मोतीराम भट्ट हुन् ।

राजेश– शङ्कर गुरु, मोतीराम भट्टले पनि भानुभक्तले झैं रामायण लेखेका छन् ?

शङ्कर– होइन राजेश, मोतीराम भट्टले रामायण लेखेनन् तर भानुभक्तले शुरू गरिदिएको नेपाली भाषाको सेवा र विकासलाई टेवा दिए ।

उमेश– मोतीराम भट्टले लेखेका किताबहरू के के छन् त ?

शङ्कर– मोतीराम भट्ट जवान छँदै तीस वर्षको उमेरमा मरे । तैंपनि नेपाली साहित्यमा उनको ठूलो देन छ ।

जीवेश– त्यति थोरै समयमा उनले कसरी नेपाली साहित्यको सेवा गरे त ?

शङ्कर– तब त । विचारवान् मानिस भए कति थोरै समयमा देश तथा साहित्यको उन्नति गरेर मानिस अमर बन्न सक्तोरहेछ ! मोतीराम भट्ट यस कुराको उदाहरण बनेका छन् ।

दिनेश– उनको जीवनचरित्र पनि भानुभक्तको जस्तै छ कि ?

शङ्कर– भाद्र कृष्ण औंसीको दिन हामी पनि स्कूलमा मोती–जयन्ती मनाउँछौं । त्यस दिन तिमीहरूले पनि मोतीराम भट्टको विषयमा लेख सुनाउनुपर्दछ । त्यसको लागि छोटो जीवनी म सुनाइदिन्छु, सुन :

कवि मोतीराम भट्टको जन्म भोसिको टोल काठमाडौंमा कुसे औंसी (भाद्र कृष्ण औंसी) सम्वत् १९२३ का दिन भएको थियो । उनी उनका पिता दयाराम भट्ट तथा आमा रिपुर्मर्दिनीका एकमात्र छोरा थिए । उनी बालककालदेखि नै बडा चलाक र प्रतिभाशाली व्यक्ति थिए । तसर्थ उनको पढाइमा दयारामले पनि ध्यान दिए । प्राथमिक शिक्षा पूरा गरेपछि उनी वनारस गए । त्यहाँ फारसी स्कूलमा भर्ना भै फारसी पढे ।

थापाथली दरबारमा आफ्ना छोराहरूलाई अङ्ग्रेजी पढाउन जङ्ग-बहादुरले दरबार स्कूल खोलेका थिए । त्यस स्कूलमा अरू पढ्न पाउँदैनथे । तसर्थ मोतीराम भट्टले वनारसमा फारसी पढे । अङ्ग्रेजीमा इन्ट्रेन्स परीक्षा पास गरे । साथै संस्कृत, हिन्दी बङ्गाली र उर्दू भाषा पनि जान्ने भए ।

मोतीराम भट्ट

भारतमा त्यसबेला हिन्दी भाषाको प्रचार गरी देशबासीलाई अङ्ग्रेजी शासनबाट छुट्याउन कोशिश भइरहेको थियो । त्यस काममा भारतेन्दु हरिश्चन्द्र विशेष प्रख्यात नेता थिए । मोतीराम भट्टको उनीसँग भेटघाट भयो । त्यसको प्रभाव राम्रो भयो । भारतमा हिन्दी भाषालाई जस्तै नेपालमा पनि नेपाली भाषामा जोड दिनुपर्दछ भन्ने कुरा मोतीरामलाई लाग्यो ।

उनी कविता, लेख लेख्न अरूलाई पनि आग्रह गर्न थाले । नेपाली-बाहेक नेवारी, संस्कृत, हिन्दी, बङ्गाली, उर्दू तथा अङ्ग्रेजी जान्ने भएकाले विभिन्न भाषाका साहित्यमा पनि उनलाई रस बस्यो । उनको मौलिक ग्रन्थ "केदारकल्प" र "पिकदूत" हो । उनले प्रियदर्शिका, पद्मावती र शकुन्तला अनुवाद गरे । गजल, सायरी र कविता पनि लेखे ।

वि. सं. १९४५ को लगभगमा उनले काशीमा रहेको भारत जीवन प्रेसमा भानुभक्तले लेखेको रामायण छपाए। सबै नेपालीले आफ्ना आदिकवि भानुभक्तलाई नेपाली भाषामा लेखिएको रामायणको किताबबाट चिने। भानुभक्तको जीवन–चरित्र पनि छापी प्रकाश गराए। मोतीराम भट्टकै कोशिशले नेपालमा पहिलो प्रेस पशुपति प्रेस पनि स्थापना भयो। उनले गर्दा नेपाली साहित्य फैलिएर गयो। उनको उदय नभएको भए भानुभक्तको रामायण कहिले छापिन्थ्यो भन्न सकिंदैन। साथै भानुभक्त पनि धेरै पछिमात्र चिनिन्थे। यसरी आफ्नो ३० वर्षको छोटो उमेरमा लेखक, कवि, जीवनीकार तथा व्यवस्थापक र प्रकाशक भै नेपाल र नेपाली भाषा तथा साहित्यको सेवक भएर मोतीराम मरे। उनी १९५३ मा मरे। तर उनको नाम कहिल्यै मर्ने छैन। उनले राष्ट्रिय विभूतिमा स्थान पाए।

रेनु, रीता र राजेश– ओहो ! शङ्कर गुरु ! हामीले हाम्रो हुलाक टिकटमा मोतीराम भट्ट भन्ने देखेका थियौं। किन होला भनेको त यो कारणले पो रहेछ त !

शङ्कर– हो त ! तिमीहरूले पनि मोतीराम भट्टले जस्तै गरी नेपाली भाषा तथा नेपालीको नाम राखी अमर बन्ने कोशिश गर्नुपर्दछ।

पाठ ४

नेपाली भाषाको विकास

नेपाली राष्ट्रभाषा र नेपाली राट्रियताको जग श्री ५ पृथ्वीनारायण शाहले बसाले। राष्ट्रियताको जग बलियो बनाउने काम प्रतापसिंह, बहादुर शाह, भीमसेन थापा आदिबाट भयो। राष्ट्र भाषाको परम्परा विकासमा मोतीराम भट्ट, लेखनाथ आदिले सहयोग गरे।

मनीश– भानुभक्त र मोतीरामले राष्ट्रभाषालाई उचाले भन्ने कुरा त थाहा भयो। लेखनाथ को हुन् ? उनले राष्ट्रभाषा नेपालीमा के गरे गुरुजी ?

शङ्कर– लेखनाथ पनि कवि हुन्। उनको बारेमा केही कुरा बताइदिन्छु: लेखनाथको जन्म गण्डकी अञ्चल कास्की जिल्ला पोखराको अघौं अर्चले

भन्ने गाउँमा भएको हो । अर्चले एक रमाइलो डाँडामा पर्दछ । उनको जन्म सम्वत् १९४१ पौष शुक्ल एकादशीमा भएको हो । उनको बाबु-को नाम दुर्गादत्त र आमाको नाम वसुन्धरा देवी हो ।

लेखनाथको बालककाल अर्चलेको बन, भीर पाखामा बित्यो । त्यो डाँडाको सिह्रानमा पुराना घले राजाहरूले बनाएका किल्लाको भत्केको भाग अझै देखिन्छ । त्यस ठाउँबाट फवा लगायत सातै ताल र उत्तरपट्टि सिकलेस भन्ने सुन्दर गुरुङ्ग गाउँ देखिन्छ । फेरि त्यस भेकबाट राम्रो उब्जा हुने मठ्ठानको टारी, आर्वाको घारी र बैदामको बारी देखिन्छ ।

पोखराका फराकिला पाटन, हरिया बनपाखा र दूधजस्तो पानी भएको सेतीले लेखनाथको कवि–हृदयलाई घच्घच्यायो ।

उनी पढ्न भनेर १४ वर्षको उमेरमा काठमाडौं आएर रानीपोखरी संस्कृत पाठशालामा भर्ना भए । उनले त्यहींबाट संस्कृतमा मध्यमासम्म पढे । त्यसपछि वनारस गएर निक्कै कठिनाई सहेर पढे ।

आफ्नो पढाई सकेपछि उनी कविता लेख्न थाले । पहिले उनी संस्कृत भाषामा कविता लेख्थे । तर पछि भानुभक्तले देखाइदिएको बाटोमा लागी नेपाली भाषामा कविता लेख्दा उनलाई पण्डितहरूले हेलाँ गर्न थाले । उनलाई राष्ट्र-भाषाप्रति झन् माया लाग्न थाल्यो । त्यसैले उनले पण्डितहरूको वास्ता नगरी नेपाली भाषामा "पिंजराको सुगा" कविता लेखे । त्यस कविताले सबैको आँखा खुल्यो, सबै चकित भए । अनि नेपाली भाषामा कविता, नाटक, खण्डकाव्य लेख्दै नेपाली भाषालाई आजको रूपमा ल्याए । नेपाली साहित्यमा आधुनिक युग ल्याउने उनै हुन् ।

२००८ सालमा उनलाई कवि-शिरोमणिको पदवी दिइयो र त्यसबेला-देखि उनलाई श्री ५ को सरकारबाट बाँचुन्जेल महीनाको रू. २००। भत्ता दिइयो । २०१४ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान खडा भएपछि लेखनाथ पनि प्रतिष्ठानको सदस्यमा मनोनित भए । उनले "लालित्य," "तरूण-तपसी", "लक्ष्मीपूजा" आदि कविता, खण्डकाव्य, नाटक आदि लेखेर नेपाली भाषालाई सिंगारे । नेपालीहरूलाई त्यही साहित्यद्वारा एक सूत्रमा बाँधी झन्

बलियो गराए । उनका कविता सुन्दर र सरल भएकाले तराइ, पहाड र उपत्यका जतातत सबैले रुचाउँछन् । लेखनाथको ८१ वर्षको उमेरमा चितौन नारायणघाटमा २०२२ सालमा देहान्त भयो ।

अभ्यास

१. चिनारी गराऊ (कामबाट) :

क. भानुभक्त

ख. मोतीराम भट्ट

ग. लेखनाथ

घ. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

ङ. श्री ५ पृथ्वीनारायण शाह

२. कोष्ठभित्रका शब्दहरूमध्ये छानेर राखी तलका वाक्यमा पूरा गरः

क. श्री ५ पृथ्वीनारायण शाह एक ———— हुन् । कवि । महात्मा । राष्ट्रिय विभूति)

ख. सिद्धिनरसिंह मल्लसँग मिलेर ——— ले गोरखामा ब्यापार बढाए (पृथ्वीनारायण शाह । द्रव्य शाह । राम शाह)

ग. कवि शिरोमणि ——— लाई भन्दछन् । (भानुभक्त । मोतीराम भट्ट । लेखनाथ) ।

घ. भानुभक्तका बाबु ——— थिए (दयाराम । रामनाथ । धनञ्जय)

ङ. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ———सालमा खडा भएको हो । (२००७ । २०११ । २०१४)

३. जोडा मिलाऊः

१. द्रव्य शाह	(क) "इन्साफ हराए गोरखा जानू" भन्ने चलन यिनैको पालादेखि चल्यो ।
२. भानुभक्त	(ख) नेपालका वर्तमान महाराजाधिराज
३. राम शाह	(ग) गोरखाको राज्य स्थापना गरे।
४. लेखनाथ	(घ) नेपालका पहिला कवि शिरोमणि

५. श्री ५ वीरेन्द्र (ङ) हाम्रा आदि कवि यिनै हुन् ।

४. प्रत्येक वाक्यका कुरा ठीक वा गल्ती के छन् पढ । कुरा ठीक भए वाक्यका अगाडिका कोष्ठभित्र 'ठी' र गल्ती भए 'ग' राख ।

क ( ) भानुभक्तको जन्म आषाढ २९ गते १८७१ विक्रम सम्वत्मा भएको थियो ।

ख ( ) नेपाली जाति "वसुधैव कुटुम्बकम्" भन्ने उक्ति मनपराउँछन् ।

ग ( ) बडामहाराजाधिराज हामी पृथ्वीनारायण शाहलाई भन्दछौं ।

घ ( ) राम शाहले गोरखामा माना, पाथी, ढक, तराजूको चलन चलाए ।

ङ ( ) आफूभन्दा ठूलोलाई मान्नु नेपालीको परम्परा रही आएको छ ।

५. तलका वाक्य अगाडिका कोष्ठभित्र ठीक कुन हो हेरी यो + चिह्न राखेर देखाऊ :

क ( ) मोतीराम भट्ट आदिकवि हुन् ।

ख ( ) दुःख पाएकामाथि दया गर्ने, अर्काको उपकार गर्ने हाम्रो परम्परा हो ।

ग ( ) मोतीराम भट्टका बाजे दयाराम भट्ट हुन् ।

घ ( ) हामी नेपाली जहाँ बसेका भएता पनि अर्को देशमा आफूलाई चिनाउँदा नेपाली भनेर चिनाउँछौं ।

ङ ( ) आषाढ १६ गते मोती–जयन्ती मनाइन्छ ।

६. मुखैले जवाफ देऊ :

क. भानुभक्तले कसबाट शिक्षा पाएका थिए ?

ख. लेखनाथको जन्म कहाँ भएको हो ?

ग. उनले के के किताब लेखे ?

घ. मोतीराम भट्टले कहाँ शिक्षा पाएका थिए ?

ङ. भानुभक्तको जीवन–चरित्र छापी प्रकाशमा ल्याउने को हो ?

च. नेपालको पहिलो छापाखानाको नाम के हो ?

छ. श्री ५ पृथ्वीनारायण शाहलाई किन राष्ट्रनिर्माता भनेको हो ?

ज. राजा राम शाहले देशबासीको निमित्त के कस्तो सुधार गरे ?

७. पाँच हरफभन्दा नबढाई तलका कुराको अर्थ बताऊ :

(क) मेरा साना दुःखले आर्ज्याको राज्य चार वर्ण छत्तीस जातको फूलबारी हो । सबैलाई चेतना भया ।

(ख) वसुधैव कुटुम्बकम् ।

(ग) हामी कसैको धर्ममा भेदभाव राख्दैनौं ।

(घ) हाम्रो परम्परा ।

(ङ) हामी सबैलाई मित्र ठान्दछौं ।

(च) कवि–शिरोमणि ।

खण्ड ६

हाम्रो सरकार

पाठ १

सरकार के हो ?

परिवारको हेरविचारको काम परिवारको मूल मानिसले गर्दछ । गाउँ वा नगरको हेरविचार र कामकाज गाउँ वा नगर पञ्चायतले गर्दछ । जिल्लाको कामकाज जिल्ला पञ्चायतले गर्दछ । त्यस्तै राज्यमा गर्नुपर्ने धेरै किसिमका कामकाज हुन्छन् । तिनका दिनदिनै गर्नुपर्ने प्रशासनका काम र अन्य विकासका कामहरू हुन्छन् । देश र जनताको सुरक्षा, कर्मचारीको व्यवस्था, काम गर्ने गराउने निर्देशन दिने दैनिक प्रशासनका काम हुन् । विकासका काममा नहर, बाटो, स्वास्थ्य, शिक्षा आदिका काम मुख्य हुन् ।

देश तथा देशबासीलाई शान्तिसुरक्षा चाहिन्छ । कामकाज गर्ने नियमहरू चाहिन्छन् । नियम बजोजिम् काम भएको छ छैन हेर्नुपर्दछ । नियम कानून नमान्नेलाई सजायँ दिनुपर्दछ । राज्यभरिको यी सारा कामकाज सबै देशमा सरकारले गर्दछ । नेपाल अधिराज्यको कामकाज हाम्रो सरकारले गर्दछ । हाम्रो सरकारलाई हामी श्री ५ को सरकार भन्दछौं ।

श्री ५ महाराजाधिराजबाट श्री ५ को सरकारको गठन हुन्छ । श्री ५ महाराजाधिराजबाट श्री ५ को सरकारलाई आवश्यक निर्देशन बक्सिन्छ । हरेक राज्यमा बेग्लाबेग्लै कामकाज गर्ने बेग्लाबेग्लै अङ्गहरू हुन्छन् । ऐन, कानून, नियम बनाउने काम व्यवस्थापिकाको हो । देशभरिका सबै कामकाज चलाउन ऐन, कानून र ऐन, कानून अन्तर्गत बनेका नियम लागू गर्ने काम कार्यपालिकाको हो । न्याय दिने र ऐन, कानूनको पालन भयो भएन हेर्ने काम न्यायपालिकाको हो ।

पाठ २

राष्ट्रिय पञ्चायत हाम्रो व्यवस्थापिका

देशमा सबै प्रकारका कामकाजहरू ऐन, कानून, नियमको आधारमा हुन्छन् । नियम बनाउँदा देशको आवश्यकतालाई हेर्नुपर्दछ । जनप्रतिनिधिहरूलाई देशको आवश्यकता थाहा हुन्छ । त्यसैले प्रजातान्त्रिक देशमा देशभरिका जनताका प्रतिनिधिहरू भएको एक सभा हुन्छ । त्यस सभालाई व्यवस्थापिका सभा भन्दछन् । त्यस सभाले ऐन, कानून, नियम बनाउँदछ । हाम्रो देशमा पनि व्यवस्थापिकाले देशभित्रको निमित्त ऐन, कानून, नियम बनाउँदछ । व्यवस्थापिकाले हाम्रो देशको अरू देशसँगको सम्बन्ध राख्ने, सम्बन्ध बढाउने काम पनि गर्दछ । हाम्रो देशको व्यवस्थापिका राष्ट्रिय पञ्चायत हो । यो केन्द्रीय सङ्गठन हो ।



राष्ट्रिय पञ्चायत भवन

राष्ट्रिय पञ्चायतले देशभित्रको ऐन, कानून, नियमहरू बनाउँछ । राष्ट्रिय पञ्चायतमा सरकारले गर्न लागेका ठूला ठूला कामबारे पनि छलफल हुन्छ ।

राष्ट्रिय पञ्चायतले देशमा सालभरिको आम्दानी खर्च हेरी आउँदो वर्षलाई राज्यको काम चलाउन खर्च गर्न स्वीकृति दिन्छ । त्यहाँ आउँदो वर्ष हुनसक्ने आम्दानी पनि विचार हुन्छ । राष्ट्रिय पञ्चायतले राम्रोसँग काम गर्न सकोस् भनी श्री ५ महाराजाधिराजबाट बेला बेलामा राष्ट्रिय पञ्चायतलाई निर्देशन बक्सिन्छ ।

राष्ट्रिय पञ्चायतमा जम्मा १२५ सदस्य हुन्छन् । यी सबै सदस्यहरू जनसेवी हुन्छन् । यी सदस्यहरू देशको विभिन्न वर्ग तथा भागबाट चुनिई आएका र श्री ५ महाराजाधिराजबाट मनोनीत भएका हुन्छन् । यही सदस्यहरूमध्येबाट एउटा अध्यक्ष छानिन्छन् । अध्यक्षको नियुक्ति सदस्यहरूको सिफारिशमा श्री ५ महाराजाधिराजबाट हुन्छ । राष्ट्रिय पञ्चायतको बैठक सालको दुइ पटक हुन्छ । राष्ट्रिय पञ्चायतको बैठकलाई राष्ट्रिय पञ्चायतको अधिवेशन भन्दछन् ।

पाठ ३

कार्यपालिका



कार्यपालिका मुख्य प्रशासकीय अङ्ग हो । यो श्री ५ महाराजाधिराजबाट बठन हुन्छ । कार्यपालिका सम्बन्धी काम चलाउन श्री ५ महाराजाधिराजबाट

एक मन्त्रीपरिषद् गठन गरिबक्सिन्छ । मन्त्रीपरिषद् श्री ५ महाराजाधिराज सरकारको अध्यक्षतामा अथवा प्रधान मन्त्रीको अध्यक्षतामा गठन हुन सक्दछ। मन्त्रीपरिषद्मा प्रधान मन्त्री, मन्त्री, राज्य मन्त्री तथा सहायक मन्त्री हुन्छन् । विभिन्न थरीको काम गर्न विभिन्न मन्त्रालय हुन्छन् । विभिन्न मन्त्रीहरूले विभिन्न मन्त्रालयको जिम्मा लिन्छन् । मन्त्रीहरूले सबै काम गर्दा श्री ५ को सरकारको नामबाट गर्नुपर्दछ। जुनसुकै मन्त्रीले पनि खराब काम गरे श्री ५ महाराजाधिराजबाट मन्त्री पदबाट हटाउन सकिबक्सिन्छ । यसले गर्दा उनीहरूले जथाभावी काम गर्न पाउँदैनन्। मन्त्रीहरूले जे जति पनि काम व्यवस्थापिकाले तैयार पारेको नियम र ऐन, कानून मुताविक गर्नुपर्दछ ।

पाठ ४

न्यायपालिका

सर्वोच्च अदालत

हाम्रो देशमा पञ्चायती प्रजातन्त्र छ । पञ्चायती प्रजातन्त्र भनेको न्यायको राज्य हो । हामी सबै देशबासीले बिना भेदभाव निसाफ पाउँदछौं ।

न्यायपालिका भनेको राज्यमा न्याय दिने अङ्ग हो । न्यायपालिका संविधान तथा ऐन, कानूनको मामिलामा सरकारलाई सल्लाह दिन्छ । यसले ऐन र कानूनको व्याख्या गर्छ ।

यसरी न्याय दिन हामीकहाँ सर्वोच्च अदालत छ । सर्वोच्च अदालत अधिराज्यभरको सबैभन्दा माथिल्लो तहको अदालत हो । यसको मुनि अरू अदालत छन् । हरेक अञ्चलमा अञ्चल अदालत छन् । अनि हरेक जिल्लामा जिल्ला अदालत छन् । सर्वोच्च अदालतले मुद्दा तथा झगडाहरू राम्रोसँग जाँची बुझी फैसला गर्दछ । तल्लो तहका अदालतबाट टुङ्गो नलागेका मुद्दा यसले हेर्दछ । अनि दोषीलाई चाहिंदो किसिमको दण्ड सजायँ दिन्छ । निर्दोषी छुट्टयाउँछ ।

यसरी न्याय दिन तथा मुद्दाको फैसला गर्न सर्वोच्च अदालतमा जम्मा ६ जना न्यायाधीश र १ जना प्रधान न्यायाधीश हुन्छन् । प्रधान न्यायाधीश श्री ५ महाराजाधिराज सरकारबाट नियुक्त गरिबक्सिन्छ ।

अभ्यास

१. कोष्ठभित्रका ठीक शब्द छानेर वाक्य पूरा गर :

(क) राज्यको सालभरिको आम्दानी खर्चको छलफल——मा हुन्छ ।
(सर्वोच्च अदालत । मन्त्रीपरिषद् । राष्ट्रिय पञ्चायत)

(ख) राज्यमा न्याय दिने अङ्ग——हो ।
(व्यवस्थापिका । कार्यपालिका । नगर पञ्चायत । न्यायपालिका)

(ग) राज्यको ऐन, कानून र नियम——ले लागू गराउँछ ।
(व्यवस्थापिका । कार्यपालिका । न्यायपालिका)

(घ) राष्ट्रिय पञ्चायतमा—— सदस्य हुन्छन् (११५।१२०।१२५।१३०)

(ङ) कार्यपालिकाको गठन—— बाट हुन्छ
(व्यवस्थापिका । न्यायपालिका । श्री ५ महाराजाधिराज)

२. दुइ तीन वाक्यमा उत्तर देऊ :

(क) राष्ट्रिय पञ्चायतमा के के विषयमा छलफल हुन्छ ?

(ख) पञ्चायती प्रजातन्त्र भनेको के हो ?

(ग) सरकारले कति किसिमको काम गर्छ ?

(घ) सर्वोच्च अदालतका काम के के हुन् ?

(ङ) मन्त्रीपरिषद् कसरी गठन हुन्छ ?

३. सबभन्दा ठीक वाक्य चिन र कापीमा सारः

(क) नेपाल अधिराज्यको व्यवस्थापिका हो :

(१) गाउँ पञ्चायत ।

(२) जिल्ला पञ्चायत ।

(३) अञ्चल सभा ।

(४) राष्ट्रिय पञ्चायत ।

(ख) राष्ट्रिय पञ्चायतको बैठक सालमा घटीमा —— पटक हुन्छ ।

(१) एक पटक ।

(२) दुइ पटक ।

(३) तीन पटक ।

(४) चार पटक ।

(ग) मन्त्रीपरिषद् :

(१) कार्यपालिकाको मुख्य प्रशासनिक अङ्ग हो ।

(२) व्यवस्थापिकाको सबभन्दा माथिल्लो तह हो ।

(३) न्यायपालिकाको एक अङ्ग हो ।

(४) माथिका कुनै पनि होइन ।

(घ) मन्त्रीपरिषद्मा :

(१) प्रधान मन्त्री मात्र हुन्छन् ।

(२) प्रधान मन्त्री र प्रधान न्यायाधीश हुन्छन् ।

(३) प्रधान मन्त्री, मन्त्री र सहायक मन्त्रीहरू हुन्छन् ।

(४) माथिका कुनै पनि हुँदैनन् ।

(ङ) सर्वोच्च अदालतका प्रधान न्यायाधीश ——— बाट नियुक्ति हुन्छन्:

(१) प्रधान मन्त्री (२) मन्त्रीपरिषद्

(३) श्री ५ को सरकार (४) श्री ५ महाराजाधिराज

(च) सरकारका अङ्ग ——— हुन्छन्:

(१) कार्यपालिका (२) व्यवस्थापिका

(३) न्यायपालिका (४) माथिका सबै

४. अब केही गर:

(क) सरकारका अङ्गहरू देखाई एउटा चार्ट बनाऊ ।

(ख) पञ्चायतका तहहरू देखाई चार्ट बनाई कक्षामा टाँस ।

(ग) आफ्नो गाउँ अथवा नगर पञ्चायतले गरेका कार्यहरूको सूची बनाऊ ।

खण्ड ७

हाम्रा छिमेकी मित्रराष्ट्रहरू भारत र चीन

पाठ १

भारत – स्थिति र आकार

आफ्नो राष्ट्र नेपालको भौगोलिक, आर्थिक, सांस्कृतिक परम्परा आदिको बारेमा सबै कुरा थाहा पाएपछि शङ्कर गुरुले हाम्रा छिमेकी राष्ट्रहरूको बारेमा दीपेशलाई सोधे ।



एशिया महादेशमा भारतको स्थान

शङ्कर– हाम्रा छिमेकी राष्ट्र कुन कुन हुन् दीपेश ?

दिपेश– भारत र चीन हाम्रा नजीकका छिमेकी राष्ट्र हुन् ।

शङ्कर– भारतको बारेमा के थाहा छ, बताउन सक्छौ ?

दिपेश– नाममात्र सुनेको हो गुरुजी, अरू कुरा त थाहा छैन ।

शङ्कर– लौ त सुन :

एशिया महादेशको नक्शा हेर । भारत एशिया महादेशको दक्षिण भागमा पर्दछ । यसको आकार तीनकुने छ । यो देश पूर्व पश्चिममा २९६० किलोमीटर लामो छ । उत्तर दक्षिणमा ३२०० किलोमीटर लामो छ । यसको उत्तरमा हाम्रो नेपाल र हिमालय पहाड, दक्षिणमा हिन्द महासागर, पूर्वमा बर्मा, बङ्गालको खाडी र बङ्गला देश, पश्चिममा पाकिस्तान र अरब सागर पर्दछ । यसको क्षेत्रफल ३० लाख ४७ हजार वर्ग किलोमीटर छ । यो देश नेपालभन्दा धेरै ठूलो छ । त्यसैले राजकाज चलाउन यसलाई धेरै भागमा बाँडेको छ । एक एक भागलाई हिन्दूस्तानी प्रान्त वा राज्य भन्दछन् । सबै प्रान्त र राज्य वा प्रदेश मिलेर भारत गणतन्त्र राज्य बनेको छ । भारत गणतन्त्र राज्यको मुख्य शासकलाई राष्ट्रपति भन्दछन् । यहाँको जनसङ्ख्या लगभग ५५ करोड छ । नयाँ दिल्ली भारतको राजधानी हो ।

जमीनको आकृति

भारतवर्ष एउटा ठूलो देश हो । यहाँ विभिन्न किसिमका जमीनहरू पाइन्छन् । यहाँ पहाड, नदीनाला, समतल भूमि, मरुभूमि र जङ्गल पनि पाइन्छन् । यसको उत्तरी भागमा हिमालय पर्वत छ । मध्य भागमा विन्ध्याचल पर्वत छ । यसबाहेक अरू पनि साना साना पहाडहरू छन् । हिमालय पहाडबाट ठूला ठूला नदीहरू जस्तैः गङ्गा, जमुना, ब्रम्हपुत्र र सिन्धु नदीहरू बग्दछन् । हिमालय र विन्ध्याचलको बीचको जमीन समतल छ । भारतको उत्तर पश्चिम भागको ठूलो मरुभूमि राजस्थानमा पर्दछ । यहाँ साना ठूला तालहरू पनि छन् । यहाँको समुद्र किनारामा राम्रारामा बन्दरगाहहरू पनि छन् । यी बन्दरगाहहरूमा देश विदेशका जहाजहरू आई अड्छन् ।

पाठ २

सामाजिक अवस्था

बसोबासको निमित्त यो देश धेरै राम्रो छ। खाने, पिउने र लाउने दृष्टिकोणबाट यहाँ हावापानी राम्रो भएकोले पहिलेदेखि नै धेरै जातिका मानिसहरू यहाँ आएर बसेका थिए। उनीहरूले आफ्नो सभ्यता र संस्कृतिको विकास गरे। त्यसैले भारतमा पहिलेदेखि नै सभ्यताको विकास भएको पाइन्छ। भारतमा हिन्दू, बौद्ध, मुसलमान, ईसाइ तथा पारसी धर्म मान्ने जातिका मानिसहरू छन्। त्यसबाहेक अरू धर्म मान्ने मानिसहरू पनि पाइन्छन्। तर सबैभन्दा धेरै हिन्दू धर्म मान्ने मानिसहरू नै छन्।

यहाँका हिन्दूहरू हामीहरूले झैं हिन्दू धर्म नै मान्दछन्। उनीहरूको पूजाआजा, रहनसहन, धार्मिक रीतिस्थिति हाम्रोजस्तै छ। उनीहरू पनि धेरै देवी देवताहरूलाई मान्दछन् र पूजा गर्दछन्। गणेश, ब्रम्हा, विष्णु, महादेव, दुर्गा, काली, लक्ष्मी, सरस्वती, उनीहरूका मुख्य देवता हुन्। हिन्दूहरूको पूजाआजा गर्ने विधि पनि हामीहरूको जस्तै छ। हामीहरूले झैं यिनीहरूले दशैं, तिहार, होली, कृष्णाष्टमी, रामनवमीलाई ठूलो चाड-पर्वको रूपमा मान्दछन्। यी पर्वहरू बाहेक यिनीहरूले अरू पनि साना साना चाडपर्वहरू मनाउँछन्।

हामीहरूमा झैं उनीहरूमा पनि बालक बालिकाहरू जन्मँदा न्वारन, पास्नी गर्ने चलन छ। छोराको ब्रतबन्ध गर्ने चलन छ। बिहेमा जन्त जाने चलन छ। मानिसहरू मरेमा खोलाको किनारामा लगी पोल्ने चलन छ। साँच्चै भन्ने हो भने नेपालका हिन्दूहरूको रहनसहन र भारतका हिन्दूहरूको रहन-सहन उस्तै छ।

बौद्ध धर्म मान्ने मानिसहरू पनि भारतमा छन्। बौद्ध धर्म मान्नेहरूमा मुख्य देवता बुद्ध भगवान् हुन्। बुद्ध भगवानलाई हिन्दूहरू पनि देवताको रूपमा मान्दछन्। हाम्रो लुम्बिनी बौद्ध धर्म मान्नेहरूको मुख्य तीर्थस्थल हो। बुद्ध जयन्ती उनीहरू पनि ठूलो चाडपर्वको रूपमा मान्दछन्। मानिसहरू मरेमा यिनीहरू गाड्छन्।

मुसलमानहरू इस्लाम धर्म मान्छन् । उनीहरू देवतालाई खुदा भन्दछन् । ईद उनीहरूको ठूलो चाड हो । मक्का, मदीना उनीहरूको ठूलो तीर्थ हो । तर मक्का मदीना भारतमा पर्दैनन् । यी अरब देशमा पर्दछन् । यिनीहरू दिनभरिमा पाँच पल्ट पनि पूजा गर्दछन् । देवता रहने ठाउँलाई हिन्दूहरूले मन्दिर भनेझैं, मुसलमानहरू त्यसलाई मस्जीद भन्दछन् । मस्जीदमा देवताको मूर्ति हुँदैन । त्यो उनीहरूको पूजा गर्ने ठाउँमात्र हो । मुसलमानहरू मानिस मरेमा गाड्छन् ।

नेपालमा झैं भारतमा पनि मानिसहरूको मुख्य खाना भात, दाल, तरकारी दूध, रोटी हो । उनीहरू पनि हामीहरूले झैं दाल, भात, तरकारी पकाई खान्छन् । भारतको पश्चिम भागमा धेरै थरीका फलफूलहरू पनि पाइन्छन् । यहाँको फलफूलमा मुख्य आँप गनिन्छ । त्यसबाहेक उखु, केरा पनि प्रशस्त पाइन्छन् । यहाँका मानिसहरू माछा, मासु, फूल पनि खान्छन् । समुद्रका किनारा भएका ठाउँहरू जस्तै : कलकत्ता, बम्बई, मद्रास, आदिका मानिसहरू समुद्रबाट माछा मारी जिविका चलाउँछन् । बङ्गालका मानिसहरू खासगरी माछा खान खूब रुचाउँछन् । भारतमा केही मानिसहरू माछा मासु खाँदैनन् । यस किसिमका मानिसलाई वैष्णव भन्दछन् । यस किसिमको वैष्णव धर्म मान्ने मानिस नेपालमा पनि पाइन्छन् । यस किसिमका मानिसहरूले घाँटीमा तुलसी माला लगाएका हुन्छन् । यस किसिमको मालालाई उनीहरू कण्ठी भन्दछन् ।

भारत गर्मी मुलुक हो । त्यसैले यहाँका मानिसहरूलाई बाक्लो र न्यानो लुगा चाहिन्न । साधारणतया यहाँका मानिसहरू धोती र कुर्ता लगाउँछन् । स्वास्नीमानिसहरू फरिया र चोलो लगाउँछन् । राजस्थानका स्वास्नीमानिसहरू घाँघर र चोलो लगाउँछन् । पन्जाबमा सुरुवाल र कुर्ता लगाउँछन् ।

नेपालमा झैं भारतमा पनि थरी थरीका घरहरू पाइन्छन् । छाप्रोदेखि लिएर ठूला ठूला पक्की घरहरू पनि यहाँ पाइन्छन् । गाउँघरमा साधारणतया खर, पराल र खपडाले छाएका छाप्राहरू पाइन्छन् । शहरहरूमा धेरैजसो घर पक्की हुन्छन् । यी घरहरूका छाना ईंट, टायल र टीनले छाएको

हुन्छ । अचेल भारतको शहरमा नयाँ नयाँ किसिमका घरहरू पनि बनिसकेका छन् । कुनै कुनै शहरहरूमा यूरोप, अमेरिकाका घरहरू झैं अग्ला अग्ला घरहरू पनि बनिसकेका छन् ।

भारत गर्मी मुलुक भएको हुँदा यहाँ धेरै किसिमका रोग लाग्ने डर हुन्छ । मानिसहरूलाई धेरै हैजा, टि. बी., प्लेग, मलेरियाको डर हुन्छ । यी सबै रोकथाम गर्न भारतमा अस्पताल, स्वास्थ्य केन्द्रहरू बनेका छन् । त्यहाँ ठूला ठूला डाक्टर पाइन्छन् । शहर बजारमा औषधी बेच्ने पसलहरू पनि हुन्छन् । गाउँघरमा साना साना स्वास्थ्य केन्द्रहरू हुन्छन् ।

भारतमा शिक्षाको पनि राम्रो प्रबन्ध छ । नेपालबाट पनि मानिसहरू भारतमा पढ्न जान्छन् । भारतका धेरैजसो राज्यमा विश्वविद्यालय पाइन्छन् । यी विद्यालयहरूमा लाखौं मानिसहरू शिक्षा पाउँछन् । अचेल भारतमा पनि नेपालमा झैं गाउँघरमा प्राइमरी, निम्न माध्यमिक विद्यालयहरू छन् । कुनै कुनै गाउँमा विद्यालयहरू छन् । विश्वविद्यालयहरू धेरैजसो शहरी क्षेत्रमा पाइन्छन्

पाठ ३

आर्थिक अवस्था

पहिले भारतमा मानिसहरूको मुख्य पेशा नै खेती थियो । भारतका निवासी विभिन्न किसिमबाट आफ्ना जीविका चलाउँछन् । कोही खेती गर्दछन्, कोही व्यापार गर्दछन्, कोही उद्योग गर्दछन् । यसबाहेक उनीहरू पशुपालन, नोकरी, ज्यालादारी काम तथा स्वतन्त्र पेशा लिएर आफ्ना जीविका चलाई आएका छन् । तैपनि अहिले भारतमा सबभन्दा मुख्य पेशा नै कृषि छ । भारतमा शहरहरू भन्दा गाउँहरू नै बढी छन् । यी गाउँहरूमा बस्ने सबै मानिसहरू कृषक छन् । तर विदेशी शासनबाट स्वतन्त्र भैसकेपछि यहाँका मानिसहरूले ब्यापार तथा उद्योगमा पनि उन्नति गर्ने मौका पाए । यिनीहरू खेती आफैं गर्दछन् । हलो, कोदालो आफैं चलाउँछन् । हाम्रो देशको तराइ भागमा धेरैजसो किसानहरूले हलोबाट नै खेती गर्दछन् । ठूला ठूला

ट्र्याक्टरबाट खेती गर्ने चलन पनि यहाँ चलिसकेको छ । कृषि विकासको व्यवस्थाको निमित्त भारत सरकारले कृषकहरूलाई रीण दिने व्यवस्था गरेको छ । साथै कुलो, कुवा, पोखरीहरूको पनि व्यवस्था गरेको छ ।

पहिले भारतको जमीन ठूला साना जमिन्दारहरूलाई बाँडिएको थियो । सारा जमीन यी जमिन्दारहरूकै हुन्थ्यो । किसानहरूको आफ्नो जमीन भने कम हुन्थ्यो । किसानहरूले जमीनको मालपोत पनि उनीहरूलाई नै तिर्नु पर्दथ्यो । तर अहिले सरकारले जमिन्दारी र विर्ता प्रथा खारेज गरिदिएको छ । जमीन किसानहरूलाई बाँडिदिएको छ । अब भारतका किसानहरू सुखी छन् । हाम्रो देश नेपालमा पनि विर्ता र जमिन्दारी प्रथा खारेज भएको छ । यहाँ खेत जोत्नेहरू मोहीयानी हक अहिले पनि पाउँछन् । भारतमा ब्यापार र उद्योगको पनि विकास भएको छ । मानिसहरूले ब्यापार र उद्योगमा धेरै प्रोत्साहन पाएका थिएनन् । तर अहिले ब्यापार र उद्योगमा निक्कै वृद्धि भएको छ । यसले गर्दा शहरको सङ्ख्यामा पनि वृद्धि भएको छ । कलकत्ता, बम्बई, मद्रास यहाँका ठूला बन्दरगाह हुन् । यी बन्दरगाहहरूबाट भारतको अरू देशसित ब्यापार हुन्छ । यसबाट भारतको अन्तरराष्ट्रिय ब्यापारको वृद्धि भएको छ ।

ब्यापारको साथसाथै भारतमा साना ठूला उद्योगको पनि वृद्धि भएको छ । देशमा साना ठूला मील कल–कारखानाहरूको पनि विकास भएको छ । यहाँ कपडा, कागज, फलाम, चीनी, चुरोट, सलाईका कारखानाहरू छन् । त्यसैगरी रेल, मोटर, साइकल बनाउने कारखाना पनि छ ।

भारतमा बनेका मालसामानहरू देश विदेशमा विक्रीको निमित्त पठाइन्छन् । देश विदेशका मालसामानहरू भारतमा आउँछन् ।

पाठ ४

भारतका केही प्रतिष्ठित व्यक्तिहरू तथा भारतसँग हाम्रो सम्बन्ध

भारतका मानिसहरूलाई पहिलेदेखि नै खान लाउनलाई दुःख थिएन । त्यसैले त्यहाँका मानिसहरूलाई सोच्ने, विचार गर्ने मौका थियो । त्यसैले त्यहाँ

भिन्न भिन्न क्षेत्रमा मानिसहरूले उन्नति गर्ने मौका पाए । यहाँ ठूला ठूला दार्शनिक, राजनीतिज्ञ तथा नेताहरू उत्पन्न भए । पौराणिक कालमा यहाँ भगवान् राम, कृष्णजस्ता महापुरुषहरू भए । मध्यकालमा सम्राट् अशोक, विक्रमादित्य, हर्षवर्द्धन, समुद्रगुप्तजस्ता प्रसिद्ध राजाहरू भएका थिए । आधुनिक कालमा महात्मा गान्धी, जवाहरलाल नेहरु, सुभाषचन्द्र बोस, पटेलजस्ता राजनेता भए । महात्मा गान्धी, जवाहरलाल नेहरु, सुभाषचन्द्र बोस, पटेलहरूका प्रयासबाट नै यो देशमा विदेशी शासन अन्त्य भयो । यी महापुरुषहरूले भारतलाई विदेशी शासनबाट मुक्त गर्न कोशिश गरेका थिए । उनीहरूकै कोशिशबाट भारत सन् १९४७ अगष्ट १५ को दिन स्वतन्त्र भयो । आज भारत स्वतन्त्र छ । यहाँको राष्ट्रपतिको नाम भी. भी. गिरी हो । प्रधानमन्त्रीको नाम श्रीमती इन्दिरा गान्धी हो ।

भारत स्वतन्त्र भएपछि यसको सम्बन्ध धेरै देशसित हुन गयो । यो राष्ट्रसंघको पनि सदस्य राष्ट्र हुन गयो । नेपालसित यसको सम्बन्ध पहिले-देखि थियो तर नेपाल र भारतको सम्बन्ध राजनीतिक सम्बन्ध मात्र होइन, सामाजिक, अर्थिक र धार्मिक सम्बन्ध पनि छ । त्यसैले यी दुवै देश सधैं आपसमा मित्रको रूपमा रहन गएका छन् । दुवै देशको सामाजिक, धार्मिक रीतिरिवाज झण्डै उस्तै छ ।

भारतका मानिस काठमाडौंमा पशुपतिनाथ, जनकपुरमा राम–जानकी र लुम्बिनीमा बुद्धको दर्शन गर्न आउँछन् । त्यस्तै गरी नेपालबाट मानिसहरू अयोध्या, बद्री, केदार, रामेश्वर, मथुरा, प्रयाग र गयामा दर्शन गर्न जान्छन् । गङ्गा, जमुना नदीमा तिथि पर्वमा नुहाउन जान्छन् । भारतले नेपाललाई धेरै क्षेत्रमा मदत गरी आएको छ । कृषि, उद्योग, शिक्षा क्षेत्रमा यसले नेपाललाई मदत गरेको छ । नेपालबाट छात्रहरू विभिन्न विषयहरूमा पढ्न भारत जान्छन् । भारतबाट धेरैजसो सामानहरू जस्तो–कपडा, नून, फलामको सामान, मट्टीतेल नेपालमा आउँछन् । नेपालबाट पनि धान, मकै, घ्यू, जडीबूटी अरू सामानहरू भारतमा जान्छन् । यसबाहेक नेपालले अरू क्षेत्रमा पनि भारतलाई मदत गरेको छ । यस किसिमबाट यी दुवै देश मित्र झैं मिलेर बसेका छन् ।

पाठ ५

चीन--स्थिति र आकार

छिमेकी राष्ट्र भारतको आर्थिक, सामाजिक र भौगोलिक वर्णन सुनेपछि दीपेशले शङ्कर गुरुसँग सोधे, "अर्को हाम्रो छिमेकी राष्ट्र चीन होइन गुरु ?"

शङ्कर–हो । चीन एक विशाल देश हो । यो नेपालको छिमेकी मित्रराष्ट्र हो ।

चिडा वंशी राजाको नामबाट यो देशको नाउँ चीन रहेको भनिन्छ ।

नेपालको उत्तर दिशामा पर्ने यो देश एशिया महादेशको उत्तर पूर्वी भागमा पर्दछ । यो विश्वका ठूला देशमध्ये एक हो । यसको क्षेत्रफल ९६,००,००० किलोमीटर छ । चीनको पूर्वमा कोरिया, जापान, उत्तरमा मङ्गोलिया, पश्चिममा रूस र दक्षिणमा भारत र नेपाल लगायत अरू धेरै देशहरू पर्दछन् ।



एशिया महादेशमा चीनको स्थान

राजकाज चलाउन सजिलो गराउने उद्देश्यले चीन पनि २३ प्रान्तमा बाँडिएको छ । क्वाँग्सी, हुये, साँसी, सिंक्याँग, हुगन, हुये मुख्य प्रान्तहरू हुन् । एक प्रान्तमुनि काउण्टी र काउण्टीमुनि टाउनशीपहरू हुन्छन् । धेरै गाउँहरूको समूहलाई टाउनशीप भन्दछन् । प्रप्येक प्रान्तको स्थानिय जनसरकार छ । त्यसले

शान्ति सुरक्षा कायम गर्ने र विकाससम्बन्धी काम गर्छ । भारतजस्तै चीन पनि गणतन्त्र देश हो । त्यहाँको शासकलाई अध्यक्ष भन्दछन् । केन्द्रीय मन्त्री-मण्डललाई स्टेट काउन्सिल भनिन्छ । त्यसले सम्पूर्ण चीनमा राजकाजको काम गर्छ । चीनको जनसङ्ख्या लगभग ७३ करोड छ ।

जमीनको आकृति

चीन एक विशाल देश हो । यो देश समतल भूमि, नदीनाला, पहाड, मरुभूमि, जङ्गल, हिमालयले बनेको छ । यहाँ लगभग ३,४०० वटा सानातिना टापुहरू छन् । चीनको उत्तर दक्षिण भाग अलि होचो र बीचमा केही उठेको छ । पर्वत श्रृङखलाहरू पूर्व–पश्चिम भएर उठेका छन् । खिङ्ग, नानलीङ्ग सेनसान, आलटाई र हिमालय मुख्य पर्वतहरू हुन् । चीनका सबै नदीहरूमा याँग्सी नदी, पहेंलो नदी, हुई, हेलुक्याँग र पर्ल नदीहरू प्रमुख छन् । याँग्सी सबैभन्दा लामो नदी हो । यसको लम्बाई ५,५०० किलोमीटर छ ।

क्वाङटुङ्ग प्रान्तमा वर्षामा गर्मी हुन्छ र पानी पनि प्रशस्त पर्दछ । हिउँदमा जाडो हुन्छ । यस क्षेत्रमा धान, उखु, सुर्ती, फलफूल उब्जनी हुन्छ । चीनको मध्यभागमा न्यानो मौसम पाइन्छ । यस भागमा प्रायः गरेर धान, चिया, रेशम आदि मुख्य उब्जा हुन् । उत्तरी भागमा ज्यादै जाडो हुने भएकोले यहाँ प्रायः गहुँ, कपास, कोदो, नास्पाती आदि हुन्छ । तिब्बती प्रदेशका कतिपय भागहरूमा ज्यादै ठण्डा भएको कारणले केही उब्जा हुँदैन र जग्गा बाँझो रहन्छ ।

पाठ ६

सामाजिक अवस्था

चीनको जलवायु र जमीनको अवस्था राम्रो भएर नै धेरै शताब्दी अघिदेखि मानिसले बसोबास गरी सभ्यता विकास गरे । विश्वमा प्राचीन देशहरूमध्ये चीन पनि एक हो । चीनमा धेरै जातिहरू बसोबास गर्दछन् । तीमध्ये हान जाति प्रमुख छ । चीनी जनतामा ९३ प्रतिशत हान जातिका छन् । बाँकी सात प्रतिशतमा ह्वाँग, उहर, हुई, यो, तिब्बती, मङ्गोल आदि जातिका छन् ।

बहुसङ्ख्यक चीनी जनता कन्फ्युसियस धर्म मान्छन् । त्यसपछि बौद्ध धर्मको स्थान छ । केही क्रिश्चियन धर्म मान्नेहरू पनि पाइन्छन् । बौद्ध भिक्षु र विहारहरू अद्यापि चीनमा पाइन्छन् ।

चीनका मानिसहरूको मुख्य खाना भात, रोटी, मासु, सागसब्जी र फलफूल हुन् । उत्तरी भागमा मानिस प्रायशः गहुँ, कोदो, आलु; मध्य र दक्षीणी भागमा मानिस भात, आलु, मासु आदि खान्छन् । चिनी र दूध नहालेको फिका चिया खाने चलन चीनको सबै भागमा समान रूपले पाइन्छ । उत्तरी चीनमा भेंडा, च्याँङ्ग्रा; मध्य भागमा सुँगुर, माछा, कुखुरा, परेवा र दक्षिणी भागमा सुँगुरबाहेक राँगो, खसी, बाँदर आदि खाने पनि गर्दछन् ।

चीन खास गरेर ठण्डी मुलुक हो । आनसान, हार्बिन (उत्तर) का जनताहरू प्रायः वर्षैभरि ऊनी लुगा लगाउँछन् । पेकिङ, सँघाई (मध्य) का मानिसहरू जाडोमा ऊनी र गर्मीमा सूतीको लुगा लगाउँछन् । लोग्नेमानिस गलामा टाँक लगाउन हुने कोट र पाइण्ट लगाउँछन् । आइमाई अलि लामो भोटो र पाइण्ट लगाउँछन् । लुगाको रङ्ग भने सबैको नीलो हुन्छ । जाडो समयमा सबैले नाक, कान र मुख छोप्ने सेतो बाक्लो कपडा प्रयोग गर्दछन् ।

नेपाल र चीनका घरहरूको ढाँचामा उत्ति फरक छैन । गाउँ र शहरमा प्रायः नेपालीपनका झ्याल र छाना भएका घरहरू पाइन्छन् । कहीं कहीं त मुण्डा घर पनि पाइन्छन् । चीनका प्रायः पुराना घर एकतले भन्दा बढीका छैनन् । पछि बनेका घरहरू भने अग्ला अग्ला छन् । अचेल पक्की ढलान गरी अग्ला अग्ला घरहरू बन्न थालिसकेका छन् तापनि छाना र झ्याल ढोका राख्ने ढाँचा आफ्नै किसिमको छ । उत्तरी चीन प्रदेशमा जहाँ हिउँदमा हिउँ परी ज्यादै जाडो हुन्छ, त्यहाँ मानिसहरू पहाडमा प्वाल खनी भित्र कोठा बनाएर बस्ने गर्दछन् ।

रोगीहरूलाई समयमा स्वास्थ्योपचार गर्न ठाउँ ठाउँमा अस्पताल तथा स्वास्थ्य केन्द्रहरू स्थापना गरिएका छन् । चीनका ठूलाठूला शहरहरूमा ठूलाठूला अस्पतालहरू बनेका छन् । गाउँ गाउँमा पनि स्वास्थ्य केन्द्रहरू र

आवश्यकता अनुसारका सानातिना अस्पताल स्थापना भएका छन् । सबै अस्पतालहरू सरकारबाटै स्थापना भएका छन् । औषधी पसल पनि सरकारले नै चलाउँछ । चीनमा हैजा, टी. बी., जस्ता सरुवा रोगहरू ज्यादै कममात्रामा पाइन्छन् । चीनमा सियो रोपी रोगको उपचार गर्ने नौलो किसिमको प्राचीन पद्धति निक्कै मात्रामा प्रचलित छ । यसबाट पक्षाघात, नसाका विभिन्न रोग, बात आदि निको हुन्छ ।

चीनमा शिक्षाको राम्रो प्रबन्ध छ । ४ वर्षदेखि ५ वर्षसम्मका बालकहरू शिशुकक्षामा पढ्छन् । ६ वर्षदेखि प्राथमिक शिक्षा दिइन्छ । चीनको विभिन्न शहर तथा गाउँमा यस्ता सबै प्रकारका स्कूल कलेजहरू छन् । पेकिङ, सँघाई, नानकीङजस्ता ठूला ठूला शहरहरूमा विश्वविद्यालयहरू छन् । चीनमा विज्ञानको उन्नतिको निमित्त विज्ञानसम्बन्धी प्रज्ञा प्रतिष्ठान खडा भएको छ । यसले आजसम्ममा धेरै उन्नति गरिसकेको छ ।

पाठ ७

आर्थिक अवस्था

चीन कृषिप्रधान देश हो । ९० प्रतिशतभन्दा बढी मानिसहरू खेती गर्दछन् । पहिले पहिले यहाँका किसानहरू कोदालो, हलो प्रयोग गरेर खेती गर्दथे । अब सबै समतल खेतबारीमा ट्र्याक्टरजस्ता मेशीनको सहायताले खेती गरेर धेरै अन्न उब्जाउँछन् । खेतीबाट उब्जेका सबै पैदावारहरू किसानबाट सरकारले किन्छ र यसको बिक्री वितरण गर्ने व्यवस्था पनि सरकारले गर्दछ । उब्जनी बढाउनको लागि ठाउँ ठाउँमा नहर, कुलोको राम्रो व्यवस्था भएको छ । खेतीबाहेक चीन सरकारले आफ्ना जनतालाई सरकारी कार्यालय, कारखाना, यातायात, खानी आदि अनेकौं काममा लगाएको छ । आफ्नो देशभित्र र बाहिर पनि सरकार आफैले ब्यापार गर्दछ । विदेशबाट माल झिकाउन वा बाहिर देशमा पठाउन परेमा सरकारले गर्दछ । चीनमा उद्योगधन्दामा धेरै विकास भएको छ । यहाँ कपडा, सिमेण्ट, मल, कागज, फलाम, चुरोट, चिया,

साबुनजस्ता दैनिक उपभोगका सामानका ठूला कारखानाहरू स्थापना भएका छन् । यसबाहेक रेल, पानीजहाज आदि बनाउने कारखानाहरू पनि छन् ।

पाठ ८

चीनका प्रतिष्ठित व्यक्ति तथा चीनसँग हाम्रो सम्बन्ध

चीन एक प्राचीन देश हुनुको साथै एक शक्तिशाली देश हो । जनसङ्ख्या धेरै र भौगोलिक विशालताको कारणले मात्र होइन, यहाँको विकसित सभ्यता र पुरानो संस्कृति तथा परम्पराले यस देशलाई महान् देश बनाएको छ । सिपा, शांग चीङ, मीङ, मंचू वंशीजस्ता कैयौं राजाले यस देशमा राज्य गरे ।

चीनको ऐतिहासिक महापुरुषमा डा. सनयातसेनको ठूलो स्थान छ र उनको नेतृत्वमा खडा भएको चीनी क्रान्तिकारी संघले मंचू सरकारलाई सन् १९११ मा हटायो । डा. सनयातसेन आधुनिक चीनका जन्मदाता हुन् । माउत्सेतुङ्ग हाल चीनका सबैभन्दा ठूला नेता हुन् । उनी चीनी कम्युनिष्ट पार्टीका अध्यक्ष हुन् । यसको साथै चीनमा चाउएनलाइजस्ता अरू पनि धेरै नेताहरू छन् । चाउएनलाइ चीन देशका प्रधानमन्त्री हुन् ।

चीनसँग नेपालको धेरै राम्रो सम्बन्ध छ । अंशुवर्माकी छोरी भृकुटी तिब्बती राजाले बिहा गरे । अरनिकोजस्ता कलाकारले चीनमा गएर मन्दिर गुम्बाहरू बनाए । यसै गरी चीनबाट धेरै पर्यटकहरू नेपालमा आए । हाम्रा श्री ५ महाराजाधिराज चीनको भ्रमणमा सवारी भइबक्सेको छ । चीनका प्रधानमन्त्री पनि नेपालमा आइसकेका छन् । चीनसँग ब्यापार गर्न सजिलो होस् भन्ने हेतुले काठमाडौं–कोदारी राजमार्ग बनेको छ । हाम्रो देशको विकासको निमित्त चीनबाट बराबर सरकारी मदत प्राप्त भएको छ । चीनसँग नेपालको ब्यापारमा पनि राम्रो सम्बन्ध छ । कपडादेखि लिएर सबै किसिमका सामानहरू हामी चीनबाट मगाउँछौं । यसकारण चीनसँग हाम्रो सम्बन्ध सधैं राम्रो तथा मैत्रीपूर्ण भै आएको छ ।

अभ्यास

१. एशियाको मानचित्रबाट नेपाल, भारत र चीनको भू–भाग छुट्ट्याऊ र ती तीन देशका राजधानी भर :

२. कोष्ठभित्रका शब्दहरूमध्ये कुन ठीक हुन्छ पढी प्रत्येक वाक्यमा परेका खाली ठाउँमा भर :

(क) ---को क्षेत्रफल तीस लाख सतचालीस हजार वर्ग किलोमीटर छ। (नेपाल । भारत । चीन)

(ख) चीनको जनसङ्ख्या लगभग --- छ । (६० करोड । ६५ करोड । ७० करोड । ७५ करोड ।)

(ग) भारतको सबभन्दा ठूलो नदी---हो (गङ्गा।जमुना।ब्रम्हपुत्र। सिन्धु)

(घ) राजकाज चलाउन सजिलो गराउने उद्दश्यले चीन --प्रान्तमा बाँडिएको छ । (२३ । २५ । २७ । ३० । ३२)

(ङ) चीनको सबभन्दा लामो नदी---हो ।(हुई । याँग्सी । पहेंलो नदी)

३. पाँच हरफमा नबढाई तलका विषयमा लेख ।

क. चीनमा रोगीको उपचार गर्ने व्यवस्था ।

ख. भारत र चीनको उद्योग व्यवसाय दाँज ।

ग. भारतको सामाजिक अवस्था ।

घ. भारतको आर्थिक अवस्था ।

४. नेपाल तथा भारतमा मनाइने चाडपर्वमध्ये मिल्दा कुनै दुइ पर्वको वर्णन गर :

५. चीन तथा नेपालको सामाजिक अवस्थामा कुन कुन कुरा मिल्दा र कुन कुन कुरा अमिल्दा पाउँछौ लेख :

६. जोडा मिलाऊ :

(क) कन्फ्युसियस १. चीनका प्रधानमन्त्री

(ख) हान जाति	२. नेपाली कलाकार, जसले चीनमा गएर पेगोडा शैलीको मन्दिर बनाए
(ग) डा. सनयातसेन	३. चीनमा बसोबास गरेर बसेका जातिमध्ये प्रमुख जाति
(घ) चाउएनलाइ	४. आधुनिक चीनका जन्मदाता
(ङ) अरनिको	५. चीनमा धेरैजसो मानिने धर्म

७. नेपाल, भारत तथा चीनको राष्ट्रिय पोशाकको सके चित्र बनाएर रङ्गको प्रयोग गर ।

८. नेपाल,भारत तथा चीनका सामाजिक तथा आर्थिक विषयमा मिल्दा मिल्दा कुरा एकापट्टि तथा अमिल्दा कुरा अर्कोपट्टि राख ।

खण्ड ८

संसारका केही ठूला सभ्यताहरू

पाठ १

नदी किनाराको सभ्यता

मानिसहरूले आजमात्र होइन पहिलेदेखि नै उन्नति गर्दै आइरहेका छन् । आजको युगमा विज्ञानको प्रगतिले गर्दा सबै देशका मानिसहरूले उन्नति गर्दै-छन् । आजका मानिसहरूलाई उन्नति गर्न धरै चीजका सुविधाहरू पनि छन् । एक देशको मानिसले अर्को देशका मानिसहरूसित सजिलैसित भेट्न सक्दछ । आफूलाई चाहिने चीजहरू अरू देशबाट सजिलैसित मगाउन सक्दछ । तर पहिलेका मानिसहरूलाई यस किसिमको सुविधा थिएन । त्यसबेला मोटर, रेल, हवाईजहाज थिएन । आकाशवाणी, टेलिफोन थिएन । उनीहरूको जीवन आजका मानिसहरूको जीवन झैं सुखमय थिएन । उनीहरूलाई धेरै चीजको दुःख थियो । उनीहरूलाई खान, लाउन र बस्नलाई समेत दुःख थियो ।

लाखौं वर्षअगाडि मानिसहरू संसारमा देखापर्दा उनीहरू जनावरहरू जस्तै थिए । उनीहरू गुफामा बस्दथे । खानाको खोजमा डुल्दै हिंड्दथे । जना-वरको शिकार गरी खान्थे । रूखबाट फलफूल टिपी खान्थे । उनीहरू लुगा लगाउँदैनथे । जनावरहरू झैं नाङ्गै हिंड्थे । उनीहरूको रहनसहन जनावरहरूको जस्तो भएता पनि उनीहरूमा जनावरहरूमा भन्दा विशेष गुण थियो । त्यो हो उनीहरूको सोच्ने शक्ति, विचार गर्ने शक्ति, आफ्ना हातलाई काममा लाउने शक्ति । कसैले उनीहरूले जनावरहरूभन्दा उन्नति गर्दै गए । उनीहरूले पछि खेती गर्न सिके । अन्न र फलफूल जम्मा गर्न सिके । पशुहरू पाल्न सिके । उनीहरूलाई खानपान गर्नलाई यताउति डुलफिर गर्न परेन । त्यसैले उनीहरूले राम्रो ठाउँ खोजी बस्न शुरू गरे ।

मानिसहरूलाई खेती गर्न असल उब्जाउ जमीनको आवश्यकता पर्दछ ।

बसोबास गर्न हावापानी राम्रो हुने ठाउँ हुनुपर्दछ । यसको निमित्त नदीको किनाराको जमीन राम्रो हुन्छ । नदीबाट खान पानी पाइन्छ । नदीमा आउने बाढीले किनाराको जमीनलाई पटाइदिन्छ । बाढीको पानीमा मलिलो माटो हुन्छ । ती जमीन उब्जाउको निमित्त असल हुन्छन् । यसो भएकोले सबभन्दा पहिले सभ्यताको विकास नदी किनाराका देशहरूमा भयो, जस्तै– भारतमा सिन्धु नदी, गङ्गा नदी किनारामा, चीनमा व्हाँग्हो नदी किनारामा, इजिप्टमा नाइल नदी किनारामा इत्यादि । यस किसिमबाट खोलाका किनाराहरूमा विकास भएका सभ्यतालाई हामी "नदी किनाराको सभ्यता" भन्दछौं ।

पाठ २

सिन्धु घाँटीको सभ्यता

नदी किनाराको सभ्यताको परिचयपछि शङ्करले पुरानो सभ्यतामध्ये सिन्धु घाँटी सभ्यताबारे बताउन थाले :

संसारका पुराना सभ्यताहरू सबभन्दा पहिले दनी किनाराका देशहरूमा विकास भएका थिए । प्राचिन भारतमा पनि यस किसिमको सभ्यता सिन्धु घाँटीमा विकास भएको थियो । सिन्धु घाँटीको यो सभ्यता धरै वर्षसम्म मानिसहरूलाई थाहा थिएन । सबभन्दा पहिले पञ्जाबमा रावी नदीको किनारामा खुदाइ हुँदा हरप्पा सभ्यताको पत्ता लाग्यो । पछि सिन्धु नदीको किनारामा मोहेनजोदारो सभ्यताको पनि पत्ता लाग्यो । अचेल यी दुवै ठाउँहरू पाकिस्तानमा पर्दछन् । भारतको पञ्जाबमा, राजस्थानमा, गुजरातमा र यस्तै पुराना सभ्यताको पत्ता लाग्यो ।

सिन्धु घाँटीको सभ्यता २५०० देखि ५००० हजार वर्ष पुरानो मानिएको छ । यस ठाउँमा मानिसहरूले उन्नति कसरी गरे ? यसको मुख्य कारण यहाँ सिन्धु, सरस्वती र रावीजस्ता खोलाहरू थिए । यसले गर्दा यहाँका जमीन खेतीलायक भए । यीबाहेक यस ठाउँको वरिपरि पहाड तथा मरुभूमि र केही टाढा समुद्र थियो । यसैले शत्रुहरूले यहाँ हमला पनि छिटै गर्न सक्दैनथे । यही कारणले मानिसहरू यहाँ आरामले बस्न सके र उन्नति गर्न सके ।

सिन्धु घाँटीका शहरहरू–मोहेनजोदारो र हरप्पा

यस घाँटीमा राम्रारामा शहरहरू थिए । यसमध्ये मोहेनजोदारो र हरप्पा मुख्य हुन् । यी दुवै शहरहरू योजनाबद्ध तरीकाबाट बसाइएका शहर थिए । यी शहरहरूमा बाटाहरू लामा र चौडा थिए । सडकहरू १० मीटर चौडा र ८०० मीटर लामासम्म थिए । सडकका वरिपरि घरहरू बनेका थिए । घरहरू एकतले र दुइतले थिए । प्रत्येक घरमा एउटा कुवा र स्नानघर पनि थिए । शहरमा ढलहरू पनि बनेका थिए । यी ढलबाट शहरको नाल बाहिर बगेर जान्थ्यो । यी ढलहरू ढाकिएका हुन्थे । आज धेरैजसो शहरमा पनि खुला ढल पाइन्छन् । यसबाट उनीहरू कति सभ्य तथा सुग्धरी थिए भन्ने थाहाहुन्छ ।

शहरमा सानासाना गल्लीहरू पनि थिए । ती गल्लीहरू खूब सफा थिए । प्रत्येक गल्लीमा एउटा कुवा पनि हुन्थ्यो । शहरमा स्नानघर पनि थियो, जहाँ मानिसहरू नुहाउन जान्थे । मोहेनजोदारोमा एउटा ठूलो सार्वजनिक स्नानघर पनि पत्तालागेको छ । यस किसिमको स्नानघर आज ठूलाठला शहरमा पनि पाउन मुश्किल छ ।

हरप्पामा एउटा किल्ला पनि पत्तालागेको छ । त्यो किल्ला अग्लो जमी-



नमा बनेको छ । त्यो किल्ला हेर्दा सार्वजनिक घर झैं देखिन्छ । दुवै शहरमा ठूला ठूला धर्म भकारीहरू राखिएको पनि पत्तालागेको छ । ती धर्म भकारीमा मानिसहरू धान, गहूँ र खाद्य पदार्थहरू जम्मा गर्दथे । मानिसहरू ती खाद्य पदार्थहरू गाउँबाट बयल गाडाबाट ल्याएर जम्मा गर्दथे । लोथल भन्ने ठाउँमा नदीको किनारामा पानीजहाजहरू बनाउने ठाउँको पनि पत्तालागेको छ । यसबाट थाहा हुन्छ कि त्यसबेला मानिसहरू नदीबाट अरू देशमा ब्यापार गर्दथे । अरू देशका मानिसहरू पनि त्यहाँ ब्यापार गर्न आउँथे ।

पाठ ४

सिन्धु घाँटी सभ्यतामा

(क) सामाजिक अवस्था

यहाँका मानिसहरूको मुख्य खाना गहूँ, जौ, थियो । त्यसबाट उनीहरू नाना थरीका परिकारहरू बनाई खान्थे । यी मानिसहरू सूती, ऊनका कपडाहरू लाउँथे । उनीहरू आफूलाई चाहिने लुगाहरू आफैं बुन्थे । सुन चाँदी काथरी थरीका गहना पनि लाउँथे । कोही कोही हाड तथा पाकेको माटोबाट बनेका गहनाहरू पनि लाउँथे । श्रृङ्गारका साधनहरूमा ऐना, काइँयो पनि काममा ल्याउँथे । यी मानिसहरू नाना किसिमका खेलौनाहरू पनि बनाउन जान्दथे । रीतिरिबाज पनि बेग्लै थियो । कोही मरिसकेका मानिसहरूलाई गाड्दथे, कोही जलाउँथे, कोही कोही पशुपक्षीलाई खुवाउँथे ।

(ख) आर्थिक अवस्था

यहाँका बासिन्दाहरू धेरैजसो खेतीवाल थिए । खेतबाट उनीहरू जौ, गहूँ उब्जाउँथे । ती वस्तु बजारमा लगी बेच्थे । उनीहरू थरी थरीका फलफूल-हरू पनि उब्जाउँथे । फलफूलहरूमध्ये नरिवल, कागती, खजूर तथा तरबूजा प्रसिद्ध थिए । उनीहरू गाई, गोरु, सुँगुर, भेंडा र ऊँट पनि पाल्थे । उनीहरू आफूलाई चाहिने वस्त्रहरू पनि बनाउँथे । यी मानिसहरू कुशल कलाकार थिए । उनीहरू नाना थरीका चित्रहरू पनि बनाउन जान्दथे । उनीहरू माटोका

भाँडाहरू पनि बनाउन जान्दथे । उनीहरू आफूलाई चाहिने हसिया, कैंची, कोदालो आदि पनि बनाउँथे । यी चीजहरू यिनीहरू मिश्र, मेसोपोटामिया, ग्रीसमा लगी बेच्थे । उनीहरू यी सामानहरू डुङ्गाबाट ती देशहरूमा लगी बेच्थे । यहाँका मानिसहरू लेखपढमा पिन सिपालु थिए । तर उनीहरूको लेख हामीले बुझ्न नसकिने किसिमको हुन्थ्यो ।

(ग) धार्मिक अवस्था

हामीहरूले देवी देवताहरूलाई पूजा गरे झैं यहाँका मानिसहरू पनि देवी देवताको पूजा गर्दथे । यिनीहरूको मुख्य देवता शिवजी थिए । त्यसबाहेक उनीहरू पशु, रूख, नदीहरूमा देवता बस्छन् भन्ने सम्झी उनीहरूको पनि पूजा गर्दथे । उनीहरू नागको पनि पूजा गर्दथे । आजको हाम्रो हिन्दू धर्म र त्यस बेलाको उनीहरूको धर्म मिल्दाजुल्दा छन् ।

सिन्धु घाँटीको खनाइबाट हामीलाई त्यसबेलाका मानिसहरूको रहन-सहनबारे धेरै कुराहरू थाहा पाउँछौं । तर त्यो सभ्यता धेरै कालसम्म रहेन ।

पाठ ५

व्हाँग्हो घाँटी सभ्यता

सिन्धु घाँटीको सभ्यताबारे बताइसकेपछि शङ्करजीले भन्नुभयो– "नदी किनाराको अर्को सभ्यता ह्वाँग्हो घाँटीको सभ्यता पनि हो ।"

महेश–व्हाँग्हो भनेको के हो, कहाँ छ गुरुजी ?

शङ्कर–महेशलाई थाहा भएन । दीपेश भन्न सक्छौ कि ?

दीपेश–मैले त सुनेको छैन गुरुजी ?

शङ्कर–भैगो त म बताउँछु :

चीनको नक्शामा हेर र ह्वाँग्हो नदी र व्हाँग्हो भू-भाग पत्तालगाऊ । ह्वाँग्हो चीनका ठूलाठूला नदीमध्ये एक हो । यो भू-भागको दुइतिर खोलाहरू बगिरहेका

छन् । यी खोलाहरूले पनि पहाडबाट मलिलो माटो बगाई ल्याउँछन् । व्हाँग्होको पश्चिमी भागमा पहाड छ । पाहडबाट त्यहाँका मानिसहरूले काठ प्रशस्त पाउँथे । त्यसैले त्यहाँका मानिसहरूलाई खान, लाउन र बस्नलाई दुःख थिएन । त्यसैले त्यहाँका मानिसहरूले पनि सिन्धु घाँटीका मानिसहरूले झैं पहिलेदेखि उन्नति गर्न थाले ।

चीनको सभ्यता ज्यादै पुरानो मानिएको छ । आजको पाँच हजार वर्ष अघि यहाँको सभ्यता धरै विकसित भइसकेको थियो । चीनको जुन सभ्यताबारे हामी आज पढ्दै छौं त्यो शांग वंशको पालामा यहाँका मानिसहरूले धेरै कुरा जानिसकेका थिए । उनीहरूले सामाजिक, सांस्कृतिक र धार्मिक कुरामा मात्र होइन, लेख्ने कला, कलाकौशल प्रशासन र प्राविधिक ज्ञानमा पनि उन्नति गरिसकेका थिए ।

शांग वंशले जुनबेला चीनमा राज्य गर्दथे, त्यसबेला त्यसको वरिपरि अरू राज्यहरू पनि थिए । तर ती राज्यहरू त्यतिको सभ्य थिएनन् । त्यसैले शांग राजाहरूले देशलाई बलियो तुल्याउन, प्रजाको रक्षा गर्न धेरै कामगरेका थिए ।

पाठ ६

व्हाँग्हो घाँटी सभ्यतामा

(क) सामाजिक अवस्था

व्हाँग्हो भनेको र त्यो सभ्यताबारे केही कुरा थाहा पाएपछि महेशले भने– "सिन्धु घाँटी सभ्यतामा जस्तै यहाँको पनि त्यस्तै समाज थियो गुरुजी?"

शङ्कर– चीनको समाजमा राजाको ठूलो स्थान थियो । मानिसहरू राजालाई बडो इज्जतको दृष्टिबाट हेर्दथे । राजाको दरबारमा दरबारियाहरू पनि हुन्थे । उनीहरूले राजालाई लडाईंमा सहायता गर्दथे । यसबेला चीनको समाजमा अरू वर्गका मानिसहरू बुद्धिजीवी, खेतीवाल, कालीगढ र व्यापारी थिए । यी सबै वर्ग आफ्नो आफ्नो काम बडो राम्ररी गर्दथे । बुद्धिजीवी वर्गको मुख्य काम लेख्नु, पढ्नु र अरूलाई

पनि लेख्न, पढ्न, सिकाउनु थियो । चीनमा सबभन्दा तल्लो वर्गका मानिसहरू दास थिए ।

चीनियाहरू शान्तिप्रिय व्यक्ति थिए । यिनीहरू लडाईं–झगडा मन पराउँदैनथे । तर लडाईं गर्नुपर्‍यो भने देश बचाउन यहाँ खेतीवाल तथा ज्यामीहरू मिलेर राजाको मदत गर्दथे । यसबाट उनीहरूको राजभक्ति थाहा-पाउन सकिन्छ ।

(ख) धार्मिक अवस्था

उनीहरू धेरै देवी देवताहरूमा विश्वास गर्दैनथे । त्यसैले त्यहाँ मन्दिर, देवी देवताका मूर्ति र पूजारीहरू पाइँदैनथे । उनीहरू प्रकृतिको पूजा गर्दथे । उनीहरूले आफ्नो धर्मको आधार प्रकृति अनुकूल आफ्नो रहनसहन अनुसार बनाएका थिए । त्यसैले उनीहरूको धर्म धेरै व्यावहारिक थियो । कन्फ्युसियस र लावोजे उनीहरूका मुख्य धार्मिक नेता थिए । यी दुवैको विचार देवता एउटै छन् भन्ने थियो । यिनको प्रभाव चीनमा धेरै थियो । पछि चीनमा बौद्ध धर्मको प्रचार भयो । राजा मिंगको बेलामा चीनमा बौद्ध धर्मको प्रचार भयो । पछि बौद्ध धर्म नै यहाँको मुख्य धर्म भयो । उनीहरू देवताले मानिसहरूको भलाई गर्दछन् भन्ने विश्वास गर्दथे । देवताले उनीहरूलाई कस्तो किसिमबाट भलाई गर्दछन् भन्ने कुरा उनीहरू गुरुसँग सोध्थे ।

(ग) आर्थिक अवस्था

चीनको मुख्य पेशा खेती थियो । यहाँका धेरैजसो मानिसहरू खेती गर्दथे । तर खेतीबाहेक उनीहरू उद्योग र व्यापार पनि गर्दथे । त्यसबेला पनि उनीहरूको उद्योग व्यवस्था खूब नामी थियो । मानिसहरू सुन, चाँदी र फलाम आदिका गहना र सामान बनाउँथे । रेशमको कीराबाट रेशम झिक्थे र त्यस-बाट राम्रारामा कपडाहरू तयार गर्दथे । रेशमको कपडा सबभन्दा पहिले चीन-बाट नै आएको हो । कपडामा उनीहरू नाना किसिमका बुट्टा पनि भर्न जान्दथे । उनीहरू माटोको भाँडोमा पनि नाना थरीका बुट्टा पनि भर्दथे । आज पनि

चीनिया भाँडाको संसारमा ठूलो प्रशंसा गर्दछन् । आफूले बनाएका सामानहरू यिनीहरू बाहिर पठाउँथे र बाहिर बनेका सामानहरू आफ्नो देशमा ल्याउँथे ।

(घ) विद्या र बुद्धिको विकास

चीनका मानिसहरू पाँच हजार वर्ष अघिदेखि लेख्न जान्दथे । यहाँको भाषा र अक्षर अरू देशको भाषा र अक्षरभन्दा फरक छ । यहाँको अक्षर हाम्रो झैं हुँदैन । उनीहरूको प्रत्येक अक्षर एउटा चिह्नबाट देखाउँथे । त्यसैले त्यहाँ धेरै अक्षर थिए र आज पनि छन् । यस किसिमबाट चित्र भएका अक्षर चार हजारभन्दा बढी छन् । यहाँका मानिस पहिलेदेखि कागज बनाउन जान्दथे । कागज त्यसबेला संसारको अर्को भागमा थिएन । कागजमा यिनीहरू बडा राम्रारामा अक्षर लेख्थे । ऊनी कपडा तथा माटाको भाँडामा पनि राम्रारामा अक्षर लेख्थे ।

यिनीहरू शिल्प र चित्रकलामा अघि बढेका थिए । यिनीहरू हात्तीका दाँत तथा हाडहरूमा राम्रारामा रेखा–चित्रहरू खिच्दथे । काठ, माटो तथा कागजमा पनि राम्रारामा चित्रहरू खिच्दथे । यिनीहरूका घरमा विभिन्न किसिमका चित्रहरू लेखिएका हुन्थे । त्यसैले यिनीहरू विज्ञान तथा प्रशासनमा पनि कुशल थिए । सरकारी कर्मचारी भर्ना गर्ने तरीकामा पनि यिनीहरू बुद्धिको आधारमा कर्मचारीहरूलाई भर्ना गर्दथे ।

चीनमा जुन किसिमको सभ्यताको विकास भएको थियो, त्यस किसिमको सभ्यता यूरोपमा धेरै पछिमात्र विकास भयो । चीनको सभ्यता आजसम्म पनि कायम भएर आएको छ । सिन्धु घाँटीको सभ्यता झैं यसको सभ्यता नाश भएको छैन ।

अभ्यास

क. मुखैले उत्तर देऊ :

१. नदी किनाराको सभ्यता भनेको कस्तो सभ्यता हो ?

२. सबभन्दा पहिले मानिसहरूको बास कहाँ हुन्थ्यो ?

३. नदी किनारामा बस्ने मानिस के खाएर जीविका चलाउँथे ?

४. पहिलेको भारत तथा चीनमा नदी किनाराको सभ्यता कहाँ विकास भयो ?

५. अहिलेको र उहिलेको सभ्यतामा के फरक छ ?

ख. १. पाकिस्तानसमेत भारतको पूरा पेजको मानचित्रमा मोहेनजोदारो र हरप्पाको स्थान सङ्केत गर ।

२. चीनको मानचित्रमा ह्वाँग्हो नदीको उत्पत्ति, बाटो र कहाँ गएर मिल्दछ रङ्गले सङ्केत गर ।

३. सिन्धु घाँटीको सभ्यता तथा ह्वाँग्हो नदी किनाराको सभ्यतामा धार्मिक तथा आर्थिक अवस्था कस्तो थियो दाँज ।

४. प्राचीन सिन्धु घाँटीको तथा ह्वाँग्हो नदी किनाराको सभ्यतामा विद्या तथा कला र सीपको विकास के कस्तो भएको थियो वर्णन गर ।

ग. कोष्ठभित्र ठीक वाक्यका अगाडि यो √ चिह्न राख :

१. ( ) मोहेनजोदारो र हरप्पा पाकिस्तानमा पर्दछन् ।

२. ( ) सिन्धु घाँटी सभ्यताको समयमा मानिसहरू सुन चाँदीका थरी थरीका गहना लगाउँदथे ।

३. ( ) ह्वाँग्हो घाँटीको सभ्यता पाँच हजार वर्षअघि नै विकास भैसकेको थियो ।

४. ( ) कन्फ्युसियस र लावोजे ह्वाँग्हो घाँटी सभ्यताको अवधिमा मुख्य धार्मिक नेता थिए ।

५. ( ) राजा मिंगको पालामा चीनमा बौद्ध धर्मको प्रचार भयो ।

खण्ड ९

संयुक्त राष्ट्रसंघ

पाठ १

संयुक्त राष्ट्रसंघ

शङ्कर– आज हाम्रो स्कूलमा संयुक्त राष्ट्रसंघका प्रतिनिधि आउनुभएको छ । उहाँले हामीलाई संयुक्त राष्ट्रसंघबारे केही बताउनुहुन्छ हामी त्यसबारे सुनौं ।

प्रतिनिधि बताउँदै जान्छन् ।

संयुक्त राष्ट्रसंघको झण्डा

संयुक्त राष्ट्रसंघलाई यू. एन्. ओ. पनि भन्दछन् । यो संयुक्त राष्ट्रसंघको छोटकरी नाम हो । संयुक्त राष्ट्रसंघ एउटा अन्तर्राष्ट्रिय संघ हो ।

जीवेश– अन्तर्राष्ट्रिय संघ भनेको के हो ?

प्रतिनिधि फेरि बताउँदै जान्छन्– "जसरी एक गाउँ पञ्चायतका ९ वार्डबाट ९ जना सदस्य, प्रधानपञ्च र उपप्रधानपञ्च मिलेर गाउँ पञ्चायत बन्दछ, त्यसरी नै संसारका धेरै देश मिलेर यो संयुक्त राष्ट्रसंघ बनेको छ । देशलाई राष्ट्र पनि भन्दछन् । राष्ट्र राष्ट्र मिलेर बनेको संघलाई अन्तर्राष्ट्रिय संघ भन्दछन् ।"

हाम्रो राष्ट्र नेपाल पनि यो संघको सदस्य राष्ट्र हो। हाम्रो देशजस्तै धेरै राष्ट्रहरू यो संघको सदस्य भएका छन्। यो संघको मुख्य कार्यालय अमेरिकाको न्यूयोर्क शहरमा छ।

पाठ २

संयुक्त राष्ट्रसंघको काम



संयुक्त राष्ट्रसंघको भवन, न्यूयोर्क

शङ्कर– हिंजो हामीले संयुक्त राष्ट्रसंघबारे केही कुरा थाहा पायौं। आज हामीलाई उहाँ यो संघको कामबारे बताई दिनुहुन्छ।

प्रतिनिधि– संयुक्त राष्ट्रसंघ एउटा कल्याणकारी संघ हो । यसको मुख्य काम संसारमा शान्ति र सुरक्षा राख्नु हो । यसका अरू पनि कामहरू छन् । यो संघले नै देशहरूको बीच मैत्री भाव फैलाउँछ । मेल-मिलाप गराइदिन्छ । हामी सबै मिलेर बस्नुपर्छ भन्ने कुरा सिकाउँदछ । सबै मिलेर बाँच्नुपर्छ भन्न कुरा सिकाउँदछ । हामीहरू एकले अर्कोलाई मदत गर्दछौं । त्यसै गरी एउटा राष्ट्रले अर्को राष्ट्रलाई मदत गर्न सिकाउँदछ । आफूआफूमा झगडा गर्न हुन्न भन्ने कुरा तिमीहरूलाई थाहा नै छ । त्यस्तै गरी एक देशले अर्को देशसँग पनि झगडा लडाईं गर्नुहुन्न । यसरी झगडा लडाईं गर्न यो संघले दिंदैन । झगडा लडाईं भैहाल्यो भने पनि यो संघले छुट्याई दिन्छ । दोषीलाई सजायँ दिन्छ । यसरी यस संघले संसारमा शान्ति सुरक्षा राख्ने काम गर्दछ ।

युनिसेफको झण्डा

पाठ २

संयुक्त राष्ट्रसंघका भलाईका काम

संयुक्त राष्ट्रसंघले संसारमा शान्ति सुरक्षा राख्ने र अरू पनि धेरै काम गर्दछ । जसरी हामी नेपाली सबै एक हौं भन्दछौं, त्यसै गरी यो संघले संसारका हामी सबै दाजुभाइ दिदीबहिनी हौं भन्ने कुरा सिकाउँछ । धेरै उन्नति गरेको देशलाई मदत गर्न पनि यस संघले सधैं सिकाउँदछ । लेखपढ नगरे हामी अन्धा हुन्छौं । त्यसैले यो संघले सबैलाई लेखपढ गराउन मदत गर्दछ । तिमीहरू जस्ता केटाकेटीलाई यो संघले धेरै नै राम्रो काम गरेको छ । केटाकेटीको भलाई गर्न बालकोष खडा गरेको छ, त्यसैलाई युनिसेफ भन्दछन् । यस संघले केटाकेटीको भलाईका लागि

बालकोष खडा गरेजस्तै संसारबाट डरलाग्दा रोगहरू हटाउन यसले विश्व स्वास्थ्यसंघ खोलेको छ। यस संघले संसारका मानिसहरूलाई रोगबाट बचाउन पूरा कोशिश गर्दछ।

तिमीहरूले यो संघबारे धेरै कुरा थाहा पायौ। यो हामी सबैको भलो गर्न खडा भएको संघ हो। त्यसैले त हामी हरेक साल यसको जन्म–दिन मनाउँछौं। यसको जन्म–दिनलाई "संयुक्त राष्ट्रसंघ दिवस" भन्दछौं।

अभ्यास

तलका वाक्यहरू पूरा भएका छैनन्। वाक्यको बीचमा छोडिएको खाली ठाउँमा कोष्ठभित्र दिइएका शब्द छानेर राखी वाक्य पूरा गर :

१. राष्ट्र राष्ट्र मिलेर बनेको -- --लाई अन्तर्राष्ट्रिय संघ भन्दछन्।
(समाज। समुदाय। संघ)

२. संयुक्त राष्ट्रसंघको मुख्य कार्यालय-- -- --मा छ।
(बेलायतको लण्डन। अमेरिकाको न्यूयोर्क। फ्रान्सको पेरिस)

३. संयुक्त राष्ट्रसंघको मुख्य काम संसारमा-- --र-- --राख्नु हो।
(भोक र दुःख हटाई। गरीबी र अशिक्षा हटाई। शान्ति र सुरक्षा)

क. दुइ तीन हरफमा उत्तर लेख :

१. बालबालिकाको भलाईको निमित्त काम गर्ने संयुक्त राष्ट्रसंघको विशेष एजेन्सी युनिसेफबारेमा जानेका दुइ कुरा लेख।

२. दुइ राष्ट्रका बीच झगडा भयो भने संयुक्त राष्ट्रसंघले के गर्दछ ?

ख. मुखैले उत्तर देऊ :

१. विश्व स्वास्थ्य संघले के गर्दछ ?

२. संयुक्त राष्ट्रसंघको अर्को छोटकरी नाम भन।

३. संयुक्त राष्ट्रसंघलाई कल्याणकारी संघ किन भनेको ?

४. हामी संयुक्त राष्ट्रसंघ दिवस किन मराउँछौं ?

ग. संयुक्त राष्ट्रसंघको झण्डा राम्रोसँग बनाऊ।

सामाजिक शिक्षा